# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## शुक्लाफाँटा नगरपालिका
## कंचनपुर

आर्थिक वर्ष २०७९/८०





महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## शुक्लाफाँटा नगरपालिका

## कंचनपुर

आर्थिक वर्ष २०७९/८०





महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## शुक्लाफाँटा नगरपालिका

## कंचनपुर

आर्थिक वर्ष २०७९/८०

महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

## दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

*(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)


राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

*(Provide independent and Quality Audit Service to the Nation)*

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | *(Integrity)* |
| स्वतन्त्रता | *(Independence)* |
| व्यावसायिकता | *(Professionalism)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। त्यसैगरी लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । लेखापरीक्षण गर्दा नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिईएको छ । यस स्थानीय तहको २०७९।८० को लेखापरीक्षणबाट देखिएका व्यहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रिया समेत विचार गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहिता लगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ । समय, जनशक्ति, स्रोतको उपलब्धता लगायतका सीमा रहेता पनि स्थानीय तह सम्म नै उपस्थित भई लेखापरीक्षण सम्पन्न गर्ने नीति लिइएको छ। यसै गरी लेखापरीक्षणको क्रममा स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग लेखापरीक्षणबाट देखिएका व्यहोरा उपर छलफल गरिएको छ।

यस वर्ष स्थानीय तहको लेखापरीक्षणबाट कार्यसम्पादनका लागि आवश्यक पर्ने कतिपय कानुन निर्माण हुन बाँकी रहेको, कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, प्रशासनिक तथा अनुत्पादक खर्चमा वृद्धि हुँदै गएको, एउटै योजना समेत टुक्र्याई कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरुको समेत परामर्शदाताद्वारा विस्तृत आयोजना प्रतिवेदन तयार गरी खर्च गरेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारी समेत नियुक्ति गरेको, आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदनमा सुधार गर्नु पर्ने देखिएको, सार्वजनिक सम्पत्ति संरक्षण र उपयोग प्रभावकारी रुपमा हुन नसकेको, स्थानीय तहमा लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजु फर्स्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा गर्न बाँकी रहेको जस्ता व्यहोरा देखिएका छन्। त्यस स्थानीय तहसँग सम्बन्धित व्यहोरा सहितको राय संलग्न गरिएको छ । एकै प्रकृतिका व्यहोराहरू वर्षेनी दोहोरिने गरेकोले वित्तीय अनुशासनमा अपेक्षित रुपमा सुधार हुन सकेको छैन ।अतः लेखापरीक्षणबाट औंल्याएका ब्यहोराहरू उपर आवश्यक कारबाही गरी वित्तीय अनुशासन कायम गर्नुका साथै सेवा प्रवाहलाई प्रभावकारी बनाउन त्यस स्थानीय तहबाट थप पहल कदमी हुने विश्वास लिएको छु ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका पदाधिकारी तथा कर्मचारीप्रति आभार व्यक्त गर्दछु । साथै लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको लागि विशेष धन्यवाद व्यक्त गर्दछु ।

(तोयम राया)

२०८१ महालेखापरीक्षक

महालेखापरीक्षकको कार्यालय

अनामनगर/बबरमहल, काठमाडौं, नेपाल

महालेखा परीक्षकको कार्यालय नेपाल २०१९

प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय

सुदूरपश्चिम प्रदेश

मितिः२०८१।०२।१२

प.सं. २०८०।८१

च.नं. ३९

विषयः <u>लेखापरीक्षण प्रतिवेदन ।</u>

श्री नगर प्रमुखज्यू ,

शुक्लाफाँटा नगरपालिका, नगर कार्यपालिकाको कार्यालय,

कञ्चनपुर ।

१. **कैफियत सहितको राय —** हामीले शुक्लाफाँटा नगरपालिकाको आर्थिक वर्ष २०७९।८० को प्राप्ति र भुक्तानीको विवरण, त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरणको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेस भएको २०८० आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७९।८० को प्राप्ति र भुक्तानीको विवरण र त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरण समावेश भएको वित्तीय प्रतिवेदनले यस पालिकाको वित्तीय कारोबार र प्रतिवेदनसँग सम्बन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

२. **कैफियत सहितको राय व्यक्त गर्ने आधार**

२.१. पालिकाले अन्तरसरकारी अख्तियारी, आन्तरिक आय तथा विविध कोष लगायतको वित्तीय विवरण महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरेर तयार गरेको छैन ।

२.२. लेखापरीक्षणबाट रू. १ करोड ९१ लाख ५७ हजार बेरुजू देखिएको छ । सो सम्बन्धमा प्राप्त प्रतिक्रिया उपर कारबाही भई रु. ५८ लाख ५ हजार फछ्र्यौट भएकोले बाँकी बेरुजु असुल गर्नुपर्ने रू. ७४ लाख ६० हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू. २२ लाख ७१ हजार र नियमित गर्नुपर्ने रु. ३६ लाख २१ हजार समेत गरी रु. १ करोड ३३ लाख ५२ हजार रहेको छ । यस नगरपालिकाको गतवर्ष सम्म रु. ८ करोड २४ लाख ५० हजार बेरुजू बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजू रु. ९ करोड ४६

लाख ४२ हजार रहेको छ । यस नगरपालिकाको बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको व्यहोरा यसैसाथ संलग्न छ ।

२.३. हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम गरिएको छ । वित्तीय प्रतिवेदन तयार गर्ने शुक्लाफाँटा नगरपालिकासँग हामी स्वतन्त्र छौं। त्यसका लागि प्रचलित कानुन र स्वीकृत आचारसंहिता अनुसार हामीले कार्य गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा हामी विश्वस्त छौं।

३. **अन्य व्यहोरा** - ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, बजेट व्यवस्थापन र राजस्व संकलन, सार्वजनिक खरिद व्यवस्थापन, कार्यक्रम स्वीकृति एवं कार्यान्वयन, उपभोक्ता समितिलाई अनुदान वितरण तथा अनुगमन र सेवा प्रवाहलगायतका विषयमा सुधार गर्नुपर्ने देखिएका छन् ।

४. **वित्तीय विवरण उपर व्यवस्थापन तथा पदाधिकारीको जिम्मेवारी** - नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने गरी एकीकृत वित्तीय विवरण तयार गर्ने तथा गल्ती (**Fraud**) वा त्रुटिका कारणबाट वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी पालिकाको व्यवस्थापनमा रहेको छ । पालिकाका प्रमुख र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार हुनेछन् ।

५. **वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी** - वित्तीय प्रतिवेदन समग्रमा गल्ती (Fraud) वा त्रुटिका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो ।लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ । लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण कार्य सम्पादन गरेको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तरनिहित सीमाहरुका कारण वित्तीय विवरण वा आर्थिक कारोवारमा भएका सबै प्रकारका गल्ती (Fraud) वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका गल्ती (Fraud) वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

(पशुपति कुमार काफ्ले)

**नायब महालेखापरीक्षक**

# शुक्लाफाँटा नगरपालिका,

# कञ्चनपुर जिल्ला,

## १. चालु वर्ष २०७९।८० को बेरुजु

### बेरुजु वर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

(रु. हजारमा)

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फस्यौंट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | | | | | | | |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| ७६ | ८५ | १९१५७ | ० | ६ | ५८०५ | ७६ | ७९ | १३३५२ | ७४६० | ३६२१ | २२७१ | ० | ० | ५८९२ | ० |

## २. अद्यावधिक बेरुजु स्थिति (२०७९।८० सम्मको)

(रु. हजारमा)

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्यौंट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| कञ्चनपुर | ८२४५० | ० | ११६० | ८१२९० | ० | १३३५२ | ९४६४२ |

## ३. बेरुजु सम्परीक्षणको विवरण

(रु.)

| क्र. सं | आर्थिक वर्ष | बेरुजुको दफा | छोटकरी व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| | २०७९।८० (चालु वर्षको) | | | |
| १ | | ७ | धरौटी तर्फको | १७४६२२ |
| २ | | ८ | पाम्स दाखिला भएको | २३४०३० |
| ३ | | ४८.१ | पेश्की फछ्र्योट | ४५००००० |
| ४ | | ४८.३ | जनश्रमदान | ८९६७४३ |
| | चालु वर्षको जम्मा | | | ५८०५३९५ |
| | गत विगत वर्षतर्फको | | | |
| | २०७८।७९ | विभिन्न दफाहरु | विभिन्न दफाहरुको जम्मा रकम | ३१७४० |
| | २०७७।७८ | विभिन्न दफाहरु | विभिन्न दफाहरुको जम्मा रकम | ११२८००० |
| | गत विगतको जम्मा | | | ११५९७४० |
| | कुल जम्मा | | | ६९६५१३५ |

पालिकाको अन्तिम लेखापरीक्षणको विवरण तल उल्लेख गरिएको छ ।

# परिचय

## १ परिचय

**क) पालिकाको परिचय** - स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको सञ्चालन गर्ने उद्देश्यले यस शुक्लाफाँटा नगरपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह-अस्तित्व र समन्वयलाई प्रर्वद्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु नगरपालिकाको उद्देश्य रहेको छ । यस नगरपालिका अन्तर्गत १२ वडा, १६२.५७ वर्ग किलोमिटर क्षेत्रफल तथा ६३,६६७ जनसंख्या रहेको छ ।

**(ख) लेखापरीक्षणको उद्देश्य** - लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस पालिकाको आर्थिक वर्ष २०७९।८० को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानूनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य हुनेछ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि** - यस पालिकाको विनियोजन, राजश्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०७९।८० मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८०।०९।०३ देखि २०८०।०९।११ सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि** - लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्बनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग मिति २०८०।०९।११ मा छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा** - लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्राविधिक ज्ञानको सीमितता, कारोबार जटिलता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति** - कार्यालयको जम्मा रु १ अर्ब ५७ करोड ४२ लाख ९४ हजारको लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को विस्तृत विवरण अनुसूची-१ मा संलग्न छ ।

## लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

### २ बजेट तथा कार्यक्रम

२.१ **बजेट तथा कार्यक्रम तर्जुमा–** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको व्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।

२.२ **क्षेत्रगत बजेट र खर्च -** स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७९।८० को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छः

| **मुख्य क्षेत्र** | **वार्षिक वजेट** | **खर्च रकम** | **कुल खर्च मध्ये प्रतिशत** |
|---|---|---|---|
| आर्थिक विकास | ५,७३,५६,०२३।०० | ३,०८,९९,७३१।०० | ५.२० |
| पूर्वाधार विकास क्षेत्र | १९,९६,८०,०६४।०० | १२,७६,३९,७१२।०० | २१.५० |
| सामाजिक क्षेत्र | २७,९०,९९,८१५।०० | २५,८७,२२,७६२।०० | ४३.५९ |
| संस्थागत बिकास सेवा प्रवाह र सुशासन | २,२१,५७,८११।०० | १,५०,०७,२४६।०० | २.५२ |
| कार्य सञ्चालन तथा प्रशासनिक खर्च | १९,३६,७८,९००।०० | १६,११,३९,४०८।०० | २७.३४ |
| **जम्मा** | ७५,१९,७२,६१३।०० | ५९,३४,०८,८५९।०० | १०० |

उपरोक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सामाजिक क्षेत्रमा सबै भन्दा बढी ४३.५९प्रतिशत र संस्थागत बिकास सेवा प्रवाह र सुशासनमा सबै भन्दा घटी २.५२प्रतिशत रहेको छ ।

२.३ **खर्च बिश्लेषण-** पालिकाले यस वर्ष कुल आन्तिरक आयबाट रु २,७९,९७,१७१।५९राजस्व बाँडफाँड र अनुदानबाट रू ५५,९५,११,८०७।२२ समेत रु ५८,७५,०८,९७८।८१ आम्दानी भएकोमा चालु तर्फ रु ४३,४१,६६,३७०।०४ र पूँजिगत तर्फ रु १,६३,२२,९१,०१९।३० समेत रु ५९७४५७३८९।३४ खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा ४.६८ प्रतिशत रहेको छ । यस वर्ष पदाधिकारी सुबिधामा रु १,२०,३६,५००।०० खर्च भएको छ जुन आन्तरिक आयको ४२.९९ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ७२.६६ प्रतिशत चालु र २७.३३ प्रतिशत मात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाहरुले बिकास

निर्माण प्रयोजनमा न्युन खर्च गरेको प्रशासनिक प्रयोजनमा बढि खर्च भएको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिक रुपमा बिकास निर्माण प्रयोजनमा परिचालन गरिनु पर्दछ ।

२.४ **त्रैमासिक पूँजीगत खर्च** - आर्थिक कार्यविधि तथा बित्तिय उत्तरदायित्व नियमावली२०७७ को नियम ३५ मा त्रैमासिक विवरण बनाई पेश गर्नु पर्ने र चौमासिक कार्य लक्ष्य तथा कर्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कर्यक्रम कार्यान्वयन गर्नु पर्ने व्यवस्था छ । कार्यालयले त्रैमासिक विवरण तयार गरी उपलव्ध नगराई देहाय बमोजिम चौमासिक खर्चको विवरण उपलब्ध गराएको छ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप तेस्रोचौमासिकमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

| सि.नं. | खर्च शीर्षक | कुल खर्च | चौमासिक खर्च (रु.हजारमा) | | | |
|---|---|---|---|---|---|---|
| | | | प्रथम चौमासिक | दोस्रो चौमासिक | तेसो चौमासिक | अषाढको |
| १ | चालु | ६०,५४,१८ | १५,७८,११ | १६,८३,२५ | २८,१८,०२ | |
| २ | पूँजिगतखर्चतर्फ | १८,२६,५४ | १,११,१८ | ३,०८,९२ | १३,८१,१२ | |
| | | ७८,८०,७३ | १६,८९,३० | १९,९२,१८ | ४१,९९,२४ | १९,६३,८२ |
| | प्रतिशत | १०० | २१.,४३ | २५.२७ | ५३.२८ | २४.९१ |

उपलब्ध विवरण अनुसार चौमासिक रुपमा खर्चको प्रकृति हेर्दा कुल खर्चमध्ये तेस्रो चौमासिकमा ५३.२८प्रतिशत र अषाढमा २४.९१प्रतिशत खर्च भएको देखियो । यसरी आर्थिक वर्षको अन्तमा खर्चको भार बढी हुँदा प्रशासनिक कार्यबोझ बढी हुने अनुगमन तथा निरीक्षण हुन नसकी कामको गुणस्तर कायम गर्न कठिनाई हुने भएकोले कार्यालयले वार्षिक कार्यक्रम अनुसार समयमै खर्च व्यवस्थापन गर्नुपर्नेदेखियो ।

## ३ वित्तीय विवरण परीक्षण

३.१ **वित्तीय प्रतिवेदन-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलव्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) सम्बन्धमा निम्नअनुसार देखिएको छः

३.२ **वित्तीय विवरणको यथार्थता-** पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवदेन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) तयार गर्नु पर्छ । पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रू १८,३६,१५,१३४।००, एकिकृत स्वास्थ्य पुर्वाधार बिकास कार्यक्रमको रू१०,५९,०५२।०० र गरिबसंग बिश्वेश्वर कार्यक्रममा रू ४,६५,०००।०० समेत गरी

रू १९,४६,६४,१८६।५५ सुत्रमा लेखाङ्कन गरेको छैन । जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरणसमेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन । तसर्थ सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ ।

३.३ **फरक हिसाब –** यस पालिकाले सुत्रबाट तयार गरेको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२) ले सबै कारोबार नसमेटेको कारण लेखापरीक्षणका क्रममा पालिकाबाट भएका सबै कारोबार समेटिने गरी एकीकृत आर्थिक विवरण तयार गर्न लगाइएकोमा उक्त दुई विवरणमा देहायअनुसार गत वर्षको जिम्मेवारी रु १०,३३,२८,१८५।०९ यस वर्षको प्राप्ति रु ७८,२१,७३,१६४।८१ यस वर्षको भुक्तानी रु ७९,२१,२१,५७५।३४ र बैङ्क मौज्दात रु ९,३३,७९,७७४।५६ रहेको छ । सुत्रमा पालिकाको सम्पूर्ण आर्थिक कारोबारहरु समाविष्ट गरी म.ले.प.फा.नं.२७२ ले पालिकाको समष्टिगत आर्थिक कारोबारको यथार्थ अवस्था चित्रण गर्ने व्यवस्था गर्नुपर्दछ ।

| विवरण | गतवर्षको जिम्मेवारी | यसवर्षको प्राप्ति | यसवर्षको भुक्तानी | बैङ्क मौज्दात |
|---|---|---|---|---|
| सुत्र अनुसारको वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं. २७२) | १०,३३,२८,१८५।०९ | ५८,७५,०८,९७८।८१ | ५९,७४,५७,३८९।३४ | ९,३३,७९,७७४।५६ |
| एकीकृत आर्थिक विवरणअनुसार | १०,३३,२८,१८५।०९ | ७८,२१,७३,१६४।८१ | ७९२१२१५७५।३४ | ९,३३,७९,७७४।५६ |
| फरक | | १९,४६,६४,१८६।०० | १९,४६,६४,१८६।०० | |

३.४ **फरक जिम्मेवारी**-पालिकाले आफ्नो कारोबारको जिम्मेवारी भिडान गरी हिसाब यकिन गर्नुपर्दछ । पालिकाको गत वर्षको लेखापरीक्षण प्रतिवेदनअनुसार रु ९,८८,८८,५३६।३६मौज्दात रहेकोमा यो वर्ष रु १०,३३,२८,१८५।०९जिम्मेवारी सारेको छ । जस अनुसार लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको भन्दा रु ४४,३९,६४८।७३ बढी जिम्मेवारी सारेको सम्बन्धमा यकिन गर्नुपर्दछ ।

३.५ **बैङ्क हिसाब विवरण**-स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७६ अनुसार पालिकाको कारोबार, आय व्ययको लेखा प्रणाली तथा राजस्व र खर्च शीर्षकको वर्गीकरणअनुसार लेखाङ्कन र बैङ्क हिसाब मिलान विवरण (म.ले.प.फा.नं.२१२) तयार गरी हिसाब भिडान समेत गर्नुपर्दछ । पालिकाले बैङ्क हिसाब मिलान विवरण तयार नगरेको कारण वर्षान्तमा स्रेस्ता र बैङ्क मौज्दात देहाय अनुसार छ:

| सि न | खाता | स्रेस्ताअनुसार मौज्दात रु. | बैङ्क स्टेटमेन्टअनुसार वर्षान्तको मौज्दात रु. | फरक रु. |
|---|---|---|---|---|
| १ | आन्तरिक राजस्व खातत | ००.०० | ००.०० | |

| | | | | |
|---|---|---|---|---|
| २ | बाँडफाटबाट प्राप्त राजस्व खाता | ००.०० | ००.०० | |
| ३ | आन्तरिक अनुदान खाता | ००.०० | ००.०० | |
| ४ | चालु खर्त खाता | ००.०० | ००.०० | |
| ५ | पुजिगत खर्त खाता | ००.०० | ००.०० | |
| ६ | बिबिध खर्च खाता | १९,८९,७६६।२५ | १९,८९,७६६।२५ | |
| ७ | स्थानिय तह धरौटी खाता | १३,१३,०५६।६६ | १३,१३,०५६।६६ | |
| ८ | स्थानिय तह संचितकोष खाता | ५,९१,७८,६५८।८५ | ५,९१,७८,६५८।८५ | |
| ९ | स्थानिय तह आकस्मिक कोष खाता | २९,७५,४९३।०० | २९,७५,४९३।०० | |
| १० | स्थिनिय तह प्रकोप व्यवस्थापन खाता | ३१,२६,९३९।०० | ३१,२६,९३९।०० | |
| | जम्मा | ७,९६,००,९१३।१६ | ७,९६,००,९१३।१६ | |

पालिकाले म.ले.फा.नं. २१२ तयार गरी स्रेस्ता र बैङ्कबीच हिसाब मिलान गर्नुपर्दछ । कार्यालयले हिसाव मिलान नगर्दा म. ले. प. फा. न.२७२ सुत्रको श्रेस्तामा रू ९,३३,७९,७७४।५६ मौज्दात बाँकी देखिन्छ भने अनुसुची २४ बैंक तथा नगदी स्टेटमेन्ट अनुसार रू ७,९६,००,९१३।९६ मौज्दात बाकी देखिन्छ । साथै सुत्रकोअनुसुची १५ मा २,०९,२५,१२७।३२ आम्दानी देखिन्छ भने बित्तिय विवरणमा सो भन्दा ३,४७,०३,९८७.।००आम्दानी बाधेको देखिन्छ ।जसले गर्दा रू १,३७,७८,८६०।६० फरक देखिन्छ । अतः कार्यालयले हिसाव मिलान गरी प्रमाण पेश गर्नुपर्दछ ।

४ **आन्तरिक नियन्त्रण प्रणाली** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नूपर्नेमा सो गरेको पाईएन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल वमोजिम रहेका छन।

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा गरेको पाईएन,

• पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यिवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति प्रतिवेदन तयार गरेको पाईएन,

• कार्यालयको श्रेष्ता र वैक विचको हिसाव फरक परे वा नपरेको सम्वन्धमा वैक हिसाव मिलान विवरण तयार नगरेको कारण हिसाव मिलान भए नभएको सम्वन्धमा यकिन गर्न सकिएन,

• विषयगत क्षेत्रमा संचालन हुने कार्यक्रममा बैठक भत्ता, भ्रमण भत्ता, तालिम, गोष्ठीतर्फ बढी केन्द्रीत भई वितणमुखि रहेको पाईयो,

• पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो,

• वडा कार्यालयमा रहेका जिन्सी सामानको अभिलेख पालिकाको मूल जिन्सी खातामा अध्यावधिक गरेको पाईएन ।

• जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन,

• कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरि निराकरणको प्रयास गरेको अभिलेख राखेको पाइएन,

• कुनै रकम भुक्तानी दिँदा रित पुगे वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन,

• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ र ८ अनुसार खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन,

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १३ वमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगावै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामाग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम दररेट तोक्नु पर्नेमा तोकेको पाईएन,

• ठेक्काहरुको विस्तृत विवरण देखिने गरि ठेक्का खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन,

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७४(२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा वनाएको पाईएन,

• सञ्चालित योजनाको सूचना पाटीमा आय-व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्य सम्पादन लगाएतका विषयमा स्पष्ट गरी सरोकार वाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाईएन,

• वातावरण संरक्षणको एकिकृत दीर्घकालिन योजना तयार गरेको पाईएन,

• सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली, २०६५ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन,

• कर्मचारीहरुको पदअनुसारको कार्य विवरण वनाई लागु गरेको पाईएन,

• मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको पत्रको दफा १७ बमोजिम यस पालिका तथा पालिकामा समाहित भएका साविकका गाउँ विकास समिति तथा नगरपालिकाको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको पालिकामा कायम गरी नियमानुसार पेश्की फस्यौंट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा यस पालिकामा समाहित भएका साविकका विषयगत कार्यालयको बेरुजु लगत तथा सम्परीक्षणको अभिलेख नगरपालिकाले एकिन गरी अध्यावधिक गरेको पाइएन,

तसर्थ, पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकिए बमोजिम प्रभावकारी र विश्वसनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्दछ ।

---

५ **पेश्की बाँकी** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५० मा पेश्की दिईएको रकम तोकिएको म्याद भित्र फस्र्यौट गर्नु गराउनु पेश्की लिने दिने दुवैको कर्तव्य हुने उल्लेख छ । पालिकाले निम्न निर्माण प्रा.लि./जे.भी.लाई दिएको पेश्की आर्थिक वर्षको अन्त्यसम्म फछ्र्यौट नभई रु. १,४३,००,०००।- बाँकी रहेको देखिन्छ । निम्नानुसारको म्याद ननाघेको पेश्की रु. १,४३,००,०००।- फछ्र्यौट गर्न बाँकी रहेकोले उक्त पेश्की नियमानुसार फछ्र्यौट गर्नुपर्दछ।

| सि. नं. | पेश्की लिएको मिति | गो.भौ. | पेश्कीको विवरण | पेश्की लिने ब्यक्ती, फर्म वा कम्पनीको नाम | खर्च उपशीर्षक | जम्मा बाँकी पेश्की | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | म्याद ननाघेको | म्याद नाघेको | जम्मा |
| ठेकेदार | | | | | | | | |
| १ | २०८०/०२/२५ | १५५ | मेचिङ फण्ड | उच्चाकोटी ड्रिलिङ्ग एण्ड कन्ट्रक्सन कम्पनी प्रा.लि. | ३११५९ | ३०,००,००० | ० | ३०,००,००० |
| २ | २०८०/०२/२५ | १५५ | वडा नं. २ मा खानेपानी योजना निर्माण | उच्चाकोटी ड्रिलिङ्ग एण्ड कन्ट्रक्सन कम्पनी प्रा.लि. | ३११५६ | ३०,००,००० | ० | ३०,००,००० |
| ३ | २०८०/०२/३१ | १६३ | मेचिङ फण्ड | उच्चाकोटी ड्रिलिङ्ग एण्ड कन्ट्रक्सन कम्पनी प्रा.लि. | ३११५९ | ३०,००,००० | ० | ३०,००,००० |
| ४ | २०८०/०२/३१ | १६३ | वडा नं. २ मा खानेपानी योजना निर्माण | उच्चाकोटी ड्रिलिङ्ग एण्ड कन्ट्रक्सन कम्पनी प्रा.लि. | ३११५६ | ३०,००,००० | ० | ३०,००,००० |
| ५ | २०८०/०३/२४ | २९८ | कवर्ड निर्माण | एन.एन.एस.।जयलक्ष्मी जे.भी. | ३११५९ | २३,४०,००० | ० | २३,४०,००० |
| जम्मा | | | | | | १,४३,००,००० | ० | १,४३,००,००० |

## ६ सम्पत्ति उपयोग र संरक्षण

६.१ **जिन्सी व्यवस्थापन** - आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा जिन्सी निरिक्षण गर्नुपर्ने व्यवस्था रहेवमोजिम पालिकाले जिन्सी निरिक्षण प्रतिवेदन पेस गरेको छ। आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ को उपनियम ४ अनुसार लिलाम विक्री गर्नुपर्ने मालसामान ६ महिना भित्र र मर्मत संभार गर्नुपर्ने मालसामान ३ महिना भित्र गरी सक्नुपर्ने व्यवस्था छ । यस पालिकाको आ.व. २०७९।८० को जिन्सी निरीक्षण प्रतिवेदनले लिलाम विक्री गर्नुपर्ने भनी उल्लेख गरेका ३ वटा डेस्कटप कम्प्युटर, ३ ल्यापटप, ५ प्रिन्टर लगायत २६ प्रकृतिका १२९ वटा मालसामान तथा मर्मत गर्नुपर्ने भनी उल्लेख गरेका १४ वटा डेस्कटप कम्प्युटर, ६ ल्यापटप, १० प्रिन्टर लगायत २९ प्रकृतिका १५३ वटा मालसामान उक्त नियमावलीको नियम ९९ अनुसार लिलाम विक्रि तथा मर्मत संभार गरी जिन्सी सम्बन्धी व्यवस्था लाई चुस्त र दुरुस्त वनाउनु पर्नेमा सो गरेको देखिएन ।जिन्सी

निरीक्षण प्रतिवेदनले उल्लेख गरे अनुसार चालु हालतमा नरहेका जिन्सी सामानहरु लिलाम तथा मर्मतको कारवाही अगाडी वढाउनुपर्ने देखिन्छ।

६.२ **सार्वजनिक सम्पत्तिको अभिलेख**- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७ मा पालिकाले आफ्नो क्षेत्रभित्रको सरकारी, सामुदायिक तथा सार्वजनिक सम्पत्तिको रेखदेख, मर्मत सम्भार र संरक्षण गर्नुपर्ने व्यस्था छ । पालिकाले आफ्नो क्षेत्र भित्रको सार्वजनिक सम्पत्तिको अभिलेख राखेको पाइएन । सार्वजनिक पर्ति ऐलानि जग्गा तथा सम्पत्तिको अतिक्रमण भए नभएको अनुगमन हुने अवस्था देखिदैंन । संरक्षण उपयोग नीति र मापदण्ड पालना भएको छैन् । पालिकाले आफ्नो क्षेत्र भित्रको सम्पत्तिको अभिलेख, रेखदेख, मर्मत सम्भार एवं संरक्षण गर्नुपर्दछ ।

६.३ **सरकारी तथा सार्वजनिक जग्गा संरक्षण, उपयोग तथा हक हस्तान्तरणः**- स्थानीय सरकार सञ्चाल ऐन, २०७४ को दफा ९७ मा गाउँपालिका तथा नगरपालिकाले आफ्नो क्षेत्रभित्रको सरकारी सामुदायिक तथा सार्वजनिक सम्पत्तिको रेखदेख, मर्मत सम्भार र संरक्षण गर्नुपर्ने व्यवस्था छ । पालिकाले आफ्नो क्षेत्रभित्रको सार्वजनिक सम्पत्तिको मर्मत सम्भार एवं संरक्षण गरेको र अभिलेख राखेको पाइएन । पालिकाले आफ्नो क्षेत्रभित्रको सम्पत्तिको रेखदेख मर्मत सम्भार एवं संरक्षण गर्नु, गराउनु र अभिलेख राख्नुपर्दछ ।

६.४ **जिन्सी लगत खाता**- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७, ९८ र १०४ अनुसार साविकको गाविस र विषयगत कार्यालयको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख उक्त कार्यालयहरु समाहित भएका पालिकामा स्वतः हस्तान्तरण हुनुपर्ने र यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता २०७५ असार मसान्तभित्र स्थानीय तहले तयार गरी प्रतिवेदन तयार गर्नुपर्नेमा गरेको नदेखिएकोले प्रतिवेदन तयार गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ।

७ **धरौटी तर्फ** (१२/२०७९-७-२५)-

✂ ........... *(प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति २०८१।०१।२४ को निर्णयबाट रु.१,७४,६२२ सम्परीक्षण गरिएको ।)*

८ **आर्थिक सहायता र अन्य विविध खर्च**

८.१ **खाना तथा विविध खर्चः—** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले यस वर्ष खाना तथा विविधतर्फ रू.२६,५०,८१५। खर्च गरेको छ। जुन पालिकाको कुल आन्तरिक आय रू.२,७९,९७,१७१.५९ को ९.४६ प्रतिशत हो। यस्तो खर्च औचित्यको आधारमा गर्नुपर्दछ ।

८.२ **आर्थिक सहायताः**- पालिकाले स्पष्ट मापदण्ड र कार्यविधि तर्जुमा गरी तथा बजेट विनियोजन गरेर मात्र आर्थिक सहायता वितरण गर्नुपर्दछ। पालिकाले मापदण्ड र कार्यविधि तयार नगरी ४९ जनालाई रू.३,५१,५००। आर्थिक सहायता वितरण गरेको छ । उक्त रकम पालिकाको कुल आन्तरिक आय रू. २,७९,९७,१७१.५९। को १.२५ प्रतिशत हुन आउँछ । निश्चित विधि र मापदण्ड वेगर आर्थिक सहायता वितरण गर्ने प्रक्रियामा नियन्त्रण हुनुपर्दछ ।

९ **पदाधिकारीलाई आर्थिक सहायता** (४९१/२०७९-१०-४)- सुदूरपश्चिम प्रदेशका स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन, २०७६ को अनुसूची -१ (ख) मा कार्यपालिका सदस्यको सुविधा सम्बन्धमा व्यवस्था गरेको छ। जसअनुसार पदाधिकारि तथा सदस्यलाई आर्थिक सहायता सम्बन्धमा कुनै व्यवस्था गरेको छैन। पालिकाले

निम्न पदाधिकारीलाई आर्थिक सहायता स्वरूप रू.८०,०००। भुक्तानी भएको छ। यसरि नियम विपरित भुक्तानी भएको रकम अनियमित देखिएको रू.

| क्र.सं. | भौ.नं. र मिति | पद र नाम | रकम |
|---|---|---|---|
| १ | ७९०-२०७९।१२।०८ | निर्वतमान नगर प्रमुख दिल ब. ऐर | ५०००० |
| २ | १६२६-२०८०।०३।२४ | वडा नं ९ अध्यक्ष रमेश व.ऐर | ३०००० |
| | जम्मा | | ८०,०००। |

| | |
|---|---|
| अनियमित भएको | ८०,००० |

## १० संगठन तथा कर्मचारी व्यवस्थापन

१०.१ **प्रशासकीय संगठन र जनशक्ति व्यवस्थापन** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ९७ दरबन्दी स्वीकृत रहेकोमा ७५ जना पदपूर्ती भएको देखिन्छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका प्रमुख प्रशासकिय अधिकृत, अधिकृत (शिक्षा), सि.डि.ई., अधिकृत(प्रशासन) लगायतका २२ पदहरु रिक्त रहेका छन्। दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । तसर्थ रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ।

१०.२ **कर्मचारी करार** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको र सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ। पालिकाले विभिन्न ९५ जना कर्मचारीहरु करारमा राखि रू.३,२९,०८,६०७। खर्च लेखेको छ ।

१०.३ **कर्मचारि व्यवस्था**- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ (८) मा नगर प्रहरी, सवारी चालक, सयस, बगैंचे, प्लम्बर लगायतका पद तथा सेवामा बाहेक करारमा नियुक्त गर्न पाइने व्यवस्था छैन । पालिकाले उल्लेखित पदहरुमा बाहेक कर्मचारी करारमा नियुक्त गरी तलव भत्ता रु.३५५५०५२.०० भुक्तानी गरेको पाइयो । ऐनको व्यवस्था विपरीत कर्मचारी नियुक्त गरी भुक्तानी गर्नु उचित देखिएन । यस्तो कार्यमा नियन्त्रण गर्नुपर्दछ ।

| पद | नियुक्ति संख्या | जम्मा तलब भत्ता |
|---|---|---|
| अ.न.मी. | ६ जना | २०२६७९६। |
| खोप कार्यकर्ता | ५ जना | १५२८२५६। |
| | जम्मा | ३५,५५,०५२। |

११ **सेवा प्रवाहको स्थिति -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन बनाउन तथा सो को अधिनमा रही आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने छ । यस वर्ष पालिकाबाट निम्नअनुसार सेवा प्रवाह गरेको विवरण प्राप्त भएको छः

| **विवरण** | **जम्मा** |
|---|---|
| स्वीकृत घरनक्सा दर्ता पास | १२ |
| **पञ्जिकरणतर्फ** | |
| जन्मदर्ता | १९४२ |
| मृत्युदर्ता | ३२८ |
| बसाईसराई दर्ता | १०१६ |
| विवाह दर्ता | ६०७ |
| सम्बन्धविच्छेद दर्ता | १८ |
| **पूर्वाधार विकास सडक निर्माण** | |
| कालोपत्रे सडक निर्माण | १.३१ कि.मि. |
| कालोपत्रे सडक मर्मत | ० |
| ग्राभेल सडक निर्माण | १०.८८ कि.मि. |
| ग्राभेल सडक मर्मत | १४.४५ कि.मि. |

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार पालिकाबाट प्रदान गरिने सेवाप्रवाहमध्ये पञ्जिकरण बाहेकका अन्य सेवा सञ्चालनमा सन्तोष जनक देखिएन । यसरी पालिकामा अपाङ्ग मैत्री सेवा, डिजिटल सेवा, एस.एम.एस. सेवा, अनलाइन सेवा तथा अन्य आधुनिक सेवाको विस्तार गर्नुपर्दछ।

## १२ कानून निर्माण तथा न्यायसम्पादनको अवस्था

१२.१ **कानुन निर्माणको अवस्था -** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को परिच्छेद १५ दफा १०२ को उपदफा १ मा गाउँपालिका तथा नगरपालिकाले आफ्नो अधिकार क्षेत्र भित्रका विषयमा ऐन बनाउन सक्ने व्यवस्था छ भने सोही ऐनको सोही दफाको उपदफा २ मा ऐनको अधिनमा रही कार्यापालिकाले आवश्यकतानुसार नियम निर्देशिका कार्यविधि र मापदण्ड बनाउन सक्ने व्यवस्था रहेको छ । पालिकाले विगतका वर्ष र यस आर्थिक वर्षमा के कति ऐन, नियमावली, कार्यविधि, निर्देशिका समेत बनाइ प्रकाशित तथा कार्यान्वयनमा ल्याए नल्याएको सम्बन्धमा एकिकृत विवरण तयार गरी लेखापरीक्षणको मिति २०८०।०९।११ सम्म उपलब्ध गराएको छैन । पालिकाले यस आ.व. र विगतमा निर्माण तथा प्रकाशित गरेका कानूनहरुको एकिकृत अभिलेख तयार गरी पेश गर्नुपर्दछ । साथै स्थानीय तहलाई उत्पादन र वितरणको केन्द्र तथा

सार्वजनिक सेवा प्रवाह र सुशासनको नमुनाको रुपमा विकास गर्नको लागि आवश्यक कानुनहरुको निर्माण गरी कानुनी सामञ्जस्यता र तादाम्यताका साथ प्रभावकारी कार्यान्वयन गर्नु जरुरी देखिन्छ ।

१२.२ **न्यायिक समितिको कार्यसम्पादनको अवस्था-** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को परिच्छेद ८ मा न्यायिक कार्य सम्बन्धी व्यवस्था रहेको छ । सोही परिच्छेदको दफा ४६ मा गाउँपालिका तथा नगरपालिकामा नेपालको संविधानको धारा २१७ बमोजिम न्यायिक समिति रहने व्यवस्था छ । त्यस्तै दफा ४७ मा न्यायिक समितिको अधिकारक्षेत्रको बारेमा व्यवस्था रहेको छ । यस पालिकाको न्यायिक समितिको लागि न्यायिक मेलमिलाप कक्षको समेत व्यवस्था गरेको पाइएन ।गत वर्षको फछ्र्यौट गर्न बाँकी ३ विवाद रहेकोमा आर्थिक वर्ष २०७९।८० मा जम्मा २६ उजुरीहरु दर्ता भई जम्मा २९ उजुरी रहेकोमा २७ फछ्र्यौट भई २ बाँकी देखिन्छ । कुल प्राप्त उजुरीको तुलनामा फछ्र्यौट हुन बाँकी उजुरी ७ प्रतिशत देखिन्छ । यसरी समयमा सबै उजुरीको मेलमिलाप हुन नसक्दा नागरिकमा न्याय पाएको अनुभुति हुन सक्दैन । यसर्थ, आम नागरिकको सहज पहुँच कायम गरी न्यायिक अधिकार प्राप्त गरेको अनुभूति दिलाउने गरी न्यायिक समितिको क्षमता विकास गर्नु जरुरी छ ।

१३ आन्तरिक आयतर्फ

१३.१ **आय ठेक्का -** सुदूरपश्चिम प्रदेशको नदिजन्य पदार्थ व्यवस्थापन कार्यविधि २०७५को नियम १०मा बोलपत्र स्वीकृत भएको फर्मलाई सात दिनको सुचना दिई १०० प्रतिशत कबोल अंक दाखिला भए पछि र प्रथम पटक १०० प्रतिशत दाखिला गर्न नसकेमा ५० प्रतिशत दाखिला गरी ५० प्रतिशत बैंक ग्यारेन्टीका आधारमा दोस्रो किस्ता बुझाउने गरी सम्झौता गर्न सक्ने व्यवस्था छ ।यस कार्यालयले ढुगा गिट्टी वालुवा उत्खन्नको लागि १० वटा घाटको लागि ७०९७२ घन मिटर परिमाण र लागत अनुमान रू ८०,२२,५५५।००को तयार गरी प्रथम पटक सुचना प्रकाशन गरेकोमा एउटा पनि फर्म दाखिला नभएकोले राजस्व परामर्श समितिको निर्णय अनुसार दोस्रो पटक ७ वटा घाटको ६९४४८ घ. मी.को मूल्य अभिवृद्धि कर बाहेक रू ६८,०८,८०७.०० को लागत अनुमान तयारी गरी सुचान प्रकाशन गरेकोमा गणपति कन्स्टक्शनको १ मात्र फर्म दर्ता भई मूल्य अभिवृद्धि कर बाहेक रू. ६८,१३०००।०० कबोल गरेको देखिन्छ ।

नगरपालिका कार्यालयले गणपति कन्स्टक्शनसंग सुदरपश्चिम प्रदेशको नदिजन्य पदार्थ व्यवस्थापन कार्यविधिमा भएको प्राबधान पालना गर्नु पर्नेमा सो नगरी गणपति कन्स्टक्शनसंग २५ प्रतिशत नगद जम्मा गराई ७५ प्रतिशत एन एम बी बैंकको बैंक जमानत (ग्यारेन्टी)को आधारमा दोस्रो किस्तामा २०७९ चैत्र मसान्तभित्र बुझाउने गरी मिति २०७९।९।२९ मा सम्झौता गरेको देखिन्छ ।

गणपति कन्संटक्सनले पेश गरेको कार्य सम्पादन जमानत वारे बुझ्दा तथ्य बङग्याई वा झुक्याई नक्कली पेश गरेको बूझिन आएको भनि प्रमुख प्रशासकिय अधिकृतको अध्यक्षतामा मिति २०७९।१०।२५मा बसेको बैठकले निर्णय गरी सोही दिन ठेक्का रद्धको जानकारी समेत गराएको देखिन्छ । पालिकाले गरेको सिफारिस बमोजिम उक्त ठेकेदार कम्पनीलाई सार्वजनिक खरिद अनुगमन कार्यालयले कालोसूचीमा समेत राखेको भनी पालिकाले विवरण पेश गरेको देखिन्छ ।

उक्त ठेक्काका लागि गणपति कनस्टक्सनले पेश गरेको एन. एम. बि. बैंकको रू ५९९५४४०।०० को बैंक ग्यारेन्टी न.NMB OBOBG789001402 मिति २०७९।१।३(२०२३।३।२०) मा जारी भई २०८०।४।३२ ( २०२३।८।१७) सम्म वहाल रहेको ब्यहोरा उक्त बैकंको वेबसाइडमा २०८०।४।२३ (२०२३।८।८)मा हेर्दा देखिएको प्रमाण फाइलमा रहेको देखिन्छ । पालिकाको २०८०।८१च न.२३३मिति २०८०।४।३२मा पठाएको पत्र मिति २०८०।५।१मा प्राप्त भएको तर सो अवधिमा बैकं ग्यारेण्टीको अवधि सकिई सकेकोले बैंकको अभिलेखमा नभएको भनि बैंकले पत्र पठाएको देखिएकोले उक्त कार्य सम्पादन जमानत नक्कली हो भनि बिश्वस्त हुने अवस्था रहेन । पालिकाले वैक जमानत

वापतको रकम जफत गर्नको लागि समयमा पहल गरेको पाइएन । नगरपालिकाले दिएको विवरण अनुसार गणपति कन्स्ट्रक्सनले पेश गरेको पहिलो किस्ता को नगद रकम र बोलपत्र जमानत जफत गरि रु.२०,८८,२५०/- बराबर असुली गरेको देखिन्छ |

यस ठेक्काको ठेक्का अन्त्य गर्ने क्रममा नविल बैंक झलारी शाखाले १२ डिसेम्वर २०२२ मा जारी गरेको रू ३,८५,०००।०० विड वण्ड जफत गर्ने भन्ने नविल बैंक झलारी शाखा र नेपाल राष्ट्र बैंक वालुवाटारमा पालिकाले समयमै उक्त बैंकमा पत्र दर्ता गराई उक्त विड वण्ड जफत गरेको छ । तर कार्य सम्पादन जमात जफत गर्न भन्ने समयमा एन. एम. बि. बैंकलाई पत्र बुझाएको नदेखिनु तथा नेपाल राष्ट्र बैंक वालुवाटारलाई पत्र नै नलेख्नुले ठेक्का अन्त्य तथा कालो सुचिमा समावेश गर्ने सम्मका कार्य स्वभाविक प्रकृया अनुसार भएको भन्ने अवस्था छैन । बैंक जमानत नक्कली नै हो भने सोको विश्वसनिय प्रमाण पेश गर्नु पर्ने ठेक्का रद्द पश्चात निज ठेकेदारले नदिजन्य पदार्थ उत्खनन गरेको छैन भनी विश्वस्त हुने गरी अनुगमन प्रतिवेदन तथा नगर सभाको निर्णय समेत संलग्न देखिएन । यसर्थ, उल्लिखित कार्य सम्पादन जमानत वापतको रकम सम्वन्धित ठेकेदार कम्पनीबाट असुल गर्नु पर्ने देखिएको रू.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ५६,१०,४०० |

१३.२ **मु .अ. कर दाखिलाः** मुल्य अभिबृर्दि कर ऐन २०५२ तथा नियमावली २०५३ मा ठेक्का वा करारमा मु. अ. कर असुल गर्नु पर्ने व्यवस्था छ । यस नगरपालिकाले गणपति कन्स्टक्शन संग मूल्य अभिवृद्धि कर सहित रू ७६,९८,६९०।०० मा गरेको ठेक्का सम्झौताबाट रू २०,८८,२५०।००असुली भएकोले असुली भएको रकममा समावेश भएको मूल्य अभिवृद्धि कर रू २,४०,२४१।००संघिय संचित कोष दाखिला गरी प्रमाण पेश गर्नु पर्ने देखिएको रू

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २,४०,२४१ |

१३.३ **सटर भाडा-** नगरपालिका कार्यालयसंग झलारीमा १६ र असैलीमा ११ गरी २७ वटा सटर रहेकोमा लेखापरिक्षणको समयमा के कति सटर भाडामा लगाएका छन । आर्थिक वर्ष २०७९।८०मा कति भाडा उठयो कति उठन बाकी छ विवरण पेश गरेको छैन । अत कार्यालयले सटर भाडाको विवरण एकिन गरी प्रमाण पेश गर्नुपर्दछ ।

१४ **नगर शिक्षक (शिक्षा चालु)** - अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ ले स्थानीय तहलाई स्वीकृत दरबन्दी भित्रका शिक्षकको तलब भत्ता बापत सशर्त अनुदान उपलब्ध गराउने व्यवस्था छ। साविकको जिल्ला शिक्षा कार्यालयवाट अनुमति प्राप्त गरी सञ्चालनमा रहेका र कुनै पनि दरबन्दी तथा राहत अनुदान कोटा प्राप्त नगरेका विद्यालयलाई शिक्षक व्यवस्थापन गर्ने गरी शैक्षिक सत्र २०७९ का लागि सहयोग अनुदान दिन सकिने व्यवस्था छ। पालिकाले निजि शिक्षक नियुक्त गरि विभिन्न विद्यालयलाई दरबन्दी बेगर रू.१,०६,६४,२५०। रकम विद्यालयको खातामा पठाएको छ।कार्यभार यकिन गरी आवश्यक पर्ने शिक्षक दरबन्दी निर्धारण समेतको आधारमा उचित छनौट प्रकृयाबाट छनौट भई अध्यापन गराइरहेका शिक्षकको पारिश्रमिक मात्र वित्तिय समानिकरण अनुदान बाट खर्च गर्न सकिने प्रावधान रहेकोले यस तर्फ पालिकाले ध्यान दिनुपर्ने देखिन्छ।

| **क्र.सं.** | **भौ.नं. र मिति** | **भुक्तानी रकम** | **त्रैमासिक** | **स्रोत** | **कैफियत** |
|---|---|---|---|---|---|
| १ | २-२०७९।०६।११ | २६७५०००। | पहिलो | वित्तिय समानिकरण अनुदान | ३१ विद्यालयका ८४ जना नगर शिक्षकलाई भुक्तानी |

| | | | | | |
|---|---|---|---|---|---|
| २ | ९-२०७९।१०।११ | २६७५०००। | दोस्रो | वित्तिय समानिकरण अनुदान | |
| ३ | १४-२०७९।१२।२४ | २६७५०००। | तेस्रो | वित्तियसमानिकरणअनुदान | |
| ४ | ४२-२०८०।०३।१३ | २६३९२५० | चौथो | वित्तियसमानिकरणअनुदान | |
| | जम्मा | १,०६,६४,२५०। | | | |

१५ **करार कर्मचारीलाई संचय कोष रकम भुक्तानी** - करार कर्मचारीलाई पारिश्रमिक तथा सेवा सुविधा भुक्तानी गर्दा तोकिएको ऐन नियमको पालना गरि सोही अनुसार भुक्तानी गर्नुपर्दछ । पालिकाले यस वर्ष ५० जना करार कर्मचारीलाई पारिश्रमिक रकमको १० प्रतिशत कर्मचारीको पारिश्रमिकबाट कट्टी गरी पालिकाबाट १० प्रतिशत थप गरी कर्मचारी संचय कोषमा रू.१७,०९,१३१।जम्मा गरेको छ । करार कर्मचारीलाई संचय कोष सुविधा उपलब्ध गराउने व्यवस्था नभएको अवस्थामा पालिकाले सुविधा भुक्तानी गर्नु मनासिव देखिदैन । अतः करार कर्मचारीलाई पालिकाबाट संचय कोष कट्टी वापत थप १० प्रतिशत सुविधा भुक्तानी भएको रकम रू.१७,०९,१३१। असुल गरी पालिकाको संचित कोषमा जम्मा गर्नुपर्ने रु.

| क्र.सं. | कर्मचारिको नाम र पद | भुक्तानी रकम |
|---|---|---|
| १ | रोजगार संयोजक कृष्ण प्रसाद भट्ट | ५२४२६ |
| २ | इन्जिनियर लोकेन्द्र राज भट्ट | ५२४२६ |
| ३ | सहायक कम्प्युटर राजेश कुमार ऐर | ३९४८२ |
| ४ | असिष्टेण्ट सव इन्जिनियर राजेन्द्र बहादुर सिंहं | ३९४८२ |
| ५ | सहायक कम्पयुटर अपरेटर टेकेन्द्र प्रशाद भट्ट | ३९४८२ |
| ६ | अमिन सुरेन्द्र देव भट्ट | ३९४८२ |
| ७ | सहायक हेम राज अवस्थी | ३९४८२ |
| ८ | सहायक मिना कुमारी भण्डारी | ३९४८२ |
| ९ | सामाजिक परिचालक तेज राज जोशी | ३९४८२ |
| १० | सहायक लक्ष्मी भट्ट | ३९४८२ |
| ११ | असिष्टेण्ट सव ईन्जिनियर पदम बहादुर ऐर | ३९४८२ |

| | | |
|---|---|---|
| १२ | सामाजिक परिचालक कल्पना शाही | ३९४८२ |
| १३ | सामाजिक परिचालक केशब दत्त जोशी | ३९४८२ |
| १४ | कार्यालय सहयोगी तपस्या भट्ट | २१४८२ |
| १५ | कार्यालय सहयोगी करीन देवी भट्ट | २९६४२ |
| १६ | कार्यालय सहयोगी सुन्दरी राना | २९६४२ |
| १७ | कार्यालय सहयोगी बिनोद प्रसाद अवस्थी | २९६४२ |
| १८ | कार्यालय सहयोगी गोकुल देव भट्ट | २९६४२ |
| १९ | कार्यालय सहयोगी गोविन्द राना | २९६४२ |
| २० | कार्यालय सहयोगी जयन्ती देवी नाथ | २९६४२ |
| २१ | कार्यालय सहयोगी टिका प्रसाद अवस्थी | २९६४२ |
| २२ | कार्यालय सहयोगी निर्मला कुमारी पन्त | २९६४२ |
| २३ | कार्यालय सहयोगी रनु चौधरी | २९६४२ |
| २४ | कार्यालय सहयोगी शिव बहादुर धामी | २९६४२ |
| २५ | कार्यालय सहयोगी सिवता चौधरी | २९६४२ |
| २६ | कार्यालय सहयोगी सोमनाथ राना | २९६४२ |
| २७ | कार्यालय सहयोगी कलावती कुमारी वि.क. | २९६४२ |
| २८ | कार्यालय सहयोगी बल्देव सिंह धामी | २९६४२ |
| २९ | कार्यालय सहयोगी विस्ना देवी भट्ट | २९६४२ |
| ३० | कार्यालय सहयोगी दिपक कुमार चुनारा | २९६४२ |
| ३१ | कार्यालय सहयोगी प्रमानन्द भट्ट | २९६४२ |
| ३२ | कार्यालय सहयोगी पदम बहादुर ऐर | २९६४२ |
| ३३ | कार्यालय सहयोगी अमै कामी | २९६४२ |
| ३४ | कार्यालय सहयोगी ववita कुमारी राना चौधरी | २९६४२ |
| ३५ | कार्यालय सहयोगी हरिमान चौधरी | २९६४२ |

| | | |
|---|---|---|
| ३६ | कार्यालय सहयोगी गिता बम | २९६४२ |
| ३७ | कार्यालय सहयोगी डम्बरी कुमारी ऐर | २९६४२ |
| ३८ | कार्यालय सहयोगी बिमला चौधरी | २९६४२ |
| ३९ | कार्यालय सहयोगी सुनिता चौधरी | २९६४२ |
| ४० | कार्यालय सहयोगी करन सिहं ठगुन्ना | २९६४२ |
| ४१ | कार्यालय सहयोगी सुरेन्द्र बहादुर ऐर | २९६४२ |
| ४२ | हेभी सवारी चालक मिनन्त नरसिंह राणा | ३५६७३ |
| ४३ | हेभी सवारी चालक गोबिन्द बहादुर साउद | ३५६७३ |
| ४४ | हेभी सवारी चालक दिपक राज वोहरा | ३५६७३ |
| ४५ | हलुका सवारी चालक चरण राम डगौरा | ३३१३४ |
| ४६ | हलुका सवारी चालक दिनेश बहादुर ऐर | ३३१३४ |
| ४७ | हलुका सवारी चालक दिपक बहादुर ऐर | ३३१३४ |
| ४८ | कार्यालय सहयोगी निर्मला सिंह | २९६४२ |
| ४९ | हलुका सवारी चालक तेज सिंह कोर | ३३१३४ |
| ५० | खा पा स टे नारायण दत्त जोशी | ७८९६४ |
| | जम्मा | १७,०९,१३१। |

| | |
|---|---|
| असुल गर्नुपर्ने | १७,०९,१३१ |

१६ **तलबी प्रतिवेदन -** निजामती सेवा ऐन २०४९, स्वास्थ्य सेवा ऐन, २०५३ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४, शिक्षा ऐन, २०२८ मा तलवी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नु पर्नेमा पालिकाले आर्थिक वर्ष २०७९।८० मा ७६ स्थायी कर्मचारीहरूको जम्मा रू.२,७३,६९,८५३। वर्षभरी तलब भत्ता भुक्तानी गरेको पाइयो। पालिकाले उक्त कर्मचारीहरूको तलबी प्रतिवेदन पारित नगराई तलव भत्ता भुक्तानी गरेकोमा सो को ग्रेड एकिन गर्न सकिएन। तलव खर्च लेख्दा तलवी प्रतिवेदन पारित गरेरमात्र खर्च लेख्नु पर्दछ।

१७ **प्रोत्साहन भत्ता -** नेपाल सरकार अर्थमन्त्रालयले जारी गरेको कार्य सञ्चालन निर्देशिका, २०७७ को नियम ७.१.४ मा अतिरिक्त समयमा गरिने काम र सेवाबाट प्राप्त हुने नतिजा लेखा उत्तरदायि अधिकृतबाट प्रमाणित गराई प्रोत्साहन भत्ता दिन मिल्ने उल्लेख छ। त्यसै गरी उक्त नियममा त्यस्तो कार्यका लागि अतिरिक्त समय कार्य गरेको हुनुपर्ने र अनिवार्य रूपमा विद्युतिय हाजिरि लागु गर्नुपर्ने व्यवस्था छ। पालिकाले यो वर्ष कर्मचारी प्रोत्साहन भत्तामा रू.८,९५,२४०। खर्च

गरेको छ। निर्देशिकाको व्यवस्था पालना हुने गरि अतिरित्त समय काम गरेको र सेवाबाट प्राप्त हुने नतिजा को आधारमा अर्थ मन्त्रालयको स्विकृति लिएर कार्यविधि बनाई प्रोत्साहन भत्ता वितरण गर्ने तर्फ पालिकाले ध्यान दिनुपर्ने देखिन्छ।

१८ **कर्मचारी कल्याण कोष** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरको हुने आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ। उक्त कोषमा शुरू मौज्दात रू.२०,५५,४९३। रहेकोमा यो वर्ष रू.५,००,०००। थप भई रू.२५,५५,४९३। मौज्दातको रूपमा रहेको छ। ऐनको व्यवस्थाबमोजिम सम्बन्धित कर्मचारीहरूबाट पनि रकम कट्टा गरी सो बराबरको रकम पालिकाबाट जम्मा गर्ने र कार्यविधि वनाई व्यवस्थित गर्नुपर्ने देखिन्छ।

१९ **कार्यक्रमको प्रतिवेदन (पालिका चालु)** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम ३९ उपनियम ७ अनुसार कुनै पनि सेमिनार, गोष्ठि तथा तालिम आयोजना गर्दा त्यस्तो तालिम कार्यक्रमको खर्च सम्बन्धित प्रस्तावना स्वीकृत गराउने तथा उपनियम ८ अनुसार कार्यक्रम सम्पन्न भए पश्चात प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था छ। पालिकाले सञ्चालन गरेका देहायबमोजिमका कार्यक्रम सम्पन्न प्रतिवेदन संलग्न नगरी रू.८,८८,३१३। रकम खर्च गरेको छ। सम्पन्न प्रतिवेदन नै तयार नगरी रकम भुक्तानी गरेकोले उक्त खर्च लाई नियम सम्मत मान्न सकिएन। यस्तो खर्चमा नियन्त्रण गर्ने तर्फ ध्यान दिनुपर्ने देखिन्छ।

| क्र.स. | भौ.नं. | कार्यक्रम | रकम |
|---|---|---|---|
| १ | २९८-२०७९।०८।१४ | कला सांस्कृतिक कार्यक्रम | ४७१६७ |
| २ | ३६३-२०७९।०८।२७ | लागु दुर्व्यसनी सम्बन्धी तालिम | ४६०१० |
| ३ | ३८३-२०७९।०९।०४ | वडा नं. ५ को धार्मिक- सांस्कृतिक कार्यक्रम | ९३६५५ |
| ४ | ५४५-२०७९।१०।१५ | माघि मिलन कार्यक्रम | ४४४५२ |
| ५ | ६२५-२०७९।१०।२२ | भलमन्सा कार्यक्रम | ४७४०१ |
| ६ | ११६३-२०८०।०२।२१ | वालश्रम मुत्त कार्यक्रम तथा तालिम | २३६८१४ |
| ७ | ११६२-२०८०।०२।२१ | रोजगारी श्रृजनाका लागि लघु उद्यम विकास कार्यक्रम तथा तालिम | २३६८१४ |
| ८ | ११८७-२०८०।०२।२४ | युवा युवतीहरूलाई ड्राईभिङ तालिम | १३६००० |
| | जम्मा | | ८,८८,३१३ |

२० **भ्रमण खर्च** -सुदूरपश्चिम प्रदेश अन्तर्गतका स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधा सम्बन्धी ऐन,२०७५ तथा भ्रमण खर्च नियमावली, २०६४ बमोजिम पालिकाले कर्मचारि तथा पदाधिकारीलाई भ्रमण खर्च र अनुगमन खर्च वापत रू.१७,०२,९२३। खर्च गरेको छ। भ्रमण खर्च भुक्तानी गर्दा देखिएका व्यहोराहरू देहाय बमोजिम छन्:

- अधिकाशं भ्रमणको उद्देश्य र प्रयोजन कार्यालयकै कामका लागि भएको भनी सुनुश्चित हुने विश्वसनीय आधार नदेखीएको,
- भ्रमण प्रश्चात तोकिएको ढाचाँमा भ्रमण प्रतिवेदन पेश नगरी भ्रमणको खर्च भुक्तानी गर्ने गरेको,
- भ्रमण अभिलेख अद्यावधिक गरी नराखेको,
- कतिपय भ्रमण आदेशमा आदेश नं. नभएको,

अतः तोकिएको कानुनी व्यवस्थाको पालना गर्दै भ्रमण खर्च गर्दा पालिकाको प्रयोजनमा खर्च भएको सुनिश्चितता हुने व्यवस्था सहित सबै भ्रमण पश्चात भ्रमण प्रतिवेदन लिने व्यवस्था हुनुपर्दछ।

---

२१ **ईन्धन खर्च** - कार्यालयले विनियोजित बजेट खर्च गर्दा सार्वजनिक श्रोतको अधिकतम उपयोग हुने गरि मितव्यिता अवलम्बन गरी खरिद कार्य गर्नुपर्दछ। कार्यालयले यस वर्ष रू.८९,०६,९५२। ईन्धन बापत खर्च भएको पाईयो। कार्यालयले उक्त खर्च लेख्दा कुन कुन गाडीको लागि कति कति ईन्धन उपलब्ध गराई कहाँ कहाँ गई के प्रयोगमा सवारी साधन प्रयोग भएको हो सो को सम्पूर्ण विवरण खुलाउने लगबुक, कार्यविवरण माइल मिटर, सवारी साधन नं. आंशिक रूपमा मात्र खुलाएर अभिलेख राखेकोले ईन्धन खर्च कार्यालय प्रयोजन र पदाधिकारीका लागि मात्र भएको भनी एकिन गर्न सकिएन।

---

२२ **मर्मत खर्च** -सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९६(१) मा मालसामान मर्मत गर्नुपर्ने भएमा सोको लागत अनुमान स्वीकृत गराउनु पर्ने र नियम ९६(३) मा पाँच हजार माथिका पार्टपूर्जा फेर्नु पर्ने भएमा सोको जिन्सी दाखिला गर्नुपर्ने व्यवस्था रहेको छ। कार्यालयले सवारी साधन मर्मतमा रू.२४,८६,४४०। खर्च गरेकोमा मर्मत कार्यको लागत अनुमान तयार गरी स्वीकृत गरेको छैन भने फेरीएको पार्टपुर्जाको जिन्सी दाखिला गरेको छैन। नियमावलीको व्यवस्था अनुसार लागत अनुमान तयार नभएको तथा फेरीएका पार्टपुर्जाको PAMS मा जिन्सी दाखिला समेत नगरेकोले खर्चको वास्तविकता यकिन गर्न सकिएन। मर्मत कार्यको अभिलेख PAMS मा राख्नुपर्ने देखिन्छ।

---

२३ **PAMS मा दाखिला गर्नुपर्ने (पालिका चालु)** (७०-२०७९-६-१४)-

.......... ***(प्रारम्भिक प्रतिवेदन उपर पाम्स दाखिला भएको प्रमाण पेश भएको आधारमा मिति २०८१।०१।२४ को निर्णयबाट रु.२,३४,०३० सम्परीक्षण गरिएको ।)***

---

२४ **मोबाइल वितरण** (२९६-२०७९-८-१३)- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७३ (६) अनुसार बजेट खर्च गर्दा नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारीता र औचित्यता समेत कायम गर्ने गरि खर्च गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले वडा नं. ३ का ६ जना स्वास्थ्य स्वयम सेविकालाई ६ थान मोबाईल वितरण वापत रू.८३,८३१। भुक्तानी भएको छ। यसरी आवश्यकता के हुने यसको प्रभावकारीता के रहने, यसको उपलब्ध के हुने जस्ता विषय अनुमान नगरी सोझै सामाग्री खरिद गरि वितरण गर्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ ।

---

२५ **यातायात खर्च** -अर्थ मन्त्रालयको कार्य सञ्चालन निर्देशिका, २०७७ को परिच्छेद नं. ७.१.१५ अनुसार सवै प्रकारका तालिम तथा गोष्ठिमा उपस्थित सहभागीलाई यातायात खर्च दिंदा सार्वजनिक यातायात नचल्ने स्थानमा आतेजाते गरी दुई दिनसम्मको लागि एकमुष्ट रू.२००। र सो भन्दा वढी जतिसुकै दिन भए पनि रू. ५००। एकमुष्ट पाउने व्यवस्था छ। पालिकावाट सञ्चालन भएका निम्न कार्यक्रममा निम्न सहभागिलाई नर्म्स भन्दा बढी हुने गरी रू.८,१६०। भुक्तानी गरेकोले कार्यक्रममा निर्देशिका विपरित खर्च गरेको रकम नियम सम्मत नदेखिएको रू.

| क्र.सं. | गो.भौ.नं. र मिति | कार्यक्रम | सहभागि | भुक्तानी हुनुपर्ने | भुक्तानी भएको | वढी भुक्तानी रू. |
|---|---|---|---|---|---|---|

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १ | ३६३-२०७९।०८।२७ | वडा नं.५ मा लागु औषधी दुव्यर्सनी सम्बन्धि तालिम | १२ | २०४० | १०२०० | ८१६० |

| | |
|---|---|
| अनियमित भएको | ८,१६० |

२६ **अपुग बिल रकम** (३६३-२०७९-८-२७)-आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ को उपनियम ५ मा जिम्मेवार व्यक्तीले खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक विल भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नु पर्ने व्यवस्था छ।लागु औषधी दुर्व्यसनी सम्बन्धि तालिमको लागि पदम ब. महरा लाई रू.५०,०००। भुक्तानी भएकोमा रू.४४,०००। को मात्र बिल भरपाई पेश भएकोले अपुग बिल रकम रू.६,०००। को प्रमाण पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने रू.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ६,००० |

२७ **जरिवाना - विमा नविकरण (पालिका चालु)** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ को उपनियम १० मा जिम्मेवार व्यक्तीले खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक विल भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नु पर्ने व्यवस्था छ। यस वर्ष पालिकाले विमा नविकरण समयमै गर्नुपर्नेमा ढिलो गरी नविकरण गरेकोले जरिवाना समेत भुक्तानी गर्नु परेको छ। पालिकाले निम्न भौ.नं. र मितिवाट सवारी साधनको विमा नविकरण,दर्ता, नामसारि ढिलो गरेकोले जरिवाना स्वरूप रू.१५,८००। भुक्तानी गरेको छ। यस्तो भुक्तानी नियम सम्मत नदेखिएको रू.

| **क्र.स.** | **भौ.नं र मिति** | **बिमा महशुल** | **जरिवाना** | **गाडी नं.** |
|---|---|---|---|---|
| | पालिका चालु | | | |
| १ | ७१४-२०७९।११।२२ | ११,००० | २२०० | म-१-झ ९६ |
| २ | ७१४-२०७९।११।२२ | ११,००० | २२०० | वा-२-झ-३८९० |
| ३ | १५३२-२०८०।०३।२१ | १५८०० | १५०० | से-१-ग-१७५ |
| | क्षेत्रीय सहरी विकास आयोजना | | | |
| ४ | ४५-२०८०।०३।१४ | २५० | २००० | ०२-००४-प-१३९० |
| ५ | ५०- | | ७९०० | |
| जम्मा | | | १५,८००। | |

| | |
|---|---|
| अनियमित भएको | १५,८०० |

२८ **छाडा चौपाया व्यवस्थापन खर्च** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७३(६) अनुसार बजेट खर्च गर्दा नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारीता र औचित्यता समेत कायम गर्ने गरि खर्च गर्नुपर्ने व्यवस्था छ। पालिकाले यस आर्थिक वर्षमा छाडा चौपाया व्यवस्थापन कार्यक्रममा १३ जना हेरालुको पारिश्रमिक पशु चौपायाको लागि पराल खरिद र ढुवानी, गाई गोरूको औषधि खरिद,विद्युत्त मशहुल खर्च,हेरालुको रासन खर्च लगायतमा बार्षिक रू.३८,९४,७००। भुक्तानी गरेको छ। यसरी खर्च गर्ने कुनै मापदण्ड तयार पारेको छैन, जसबाट कार्यक्रममा एकमुष्ट रूपमा बिनियोजन गरिएको रकम स्वच्छिक रूपमा ज्याला,औषधि, पराल खरिद र ढुवानीमा खर्च भएको छ। उक्त काञ्जि हाउसमा के कति संख्यामा पशु रहेका छन् त्यसको विवरण पालिकामा उपलब्ध छैन। कर्मचारी नै राखि काञ्जि हाउस व्यवस्थापन गरेको भनि खर्च लेखेकोमा त्यहाँवाट संकलित पशु मल, दुधजन्य पदार्थ उत्पादन तथा विक्रि गरि आयआर्जन गर्नेतर्फ पनि पालिकाले ध्यान दिएको देखिदैन। अतः पालिकावाट अनुगमन गर्ने तथा काञ्जी हाउसबाट आयआर्जन गर्नेतर्फ जोड दिनुपर्दछ।गाई गोरू व्यवस्थापनमा वर्षेनी खर्च मात्रै हुदै जाने हुदा यसको दिर्घकालिन समाधानको उपाय खोज्जे तर्फ पालिकाले ध्यान दिनुपर्ने देखिन्छ।

२९ **प्रकोप व्यवस्थापन कोष तर्फ**

२९.१ विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा २३(१४) मा विपद व्यवस्थापनको लागि प्रत्येक स्थानीय तहमा विपद व्यवस्थापन कोष रहने र कोषमा रहने रकम तथा कोषको सञ्चालन सम्बन्धी व्यवस्था सम्बन्धित स्थानीय तहले बनाएको नियममा तोकिएबमोजिम हुने व्यवस्था छ । पालिकाले गत वर्षको मौज्दात रू ४०,८७,३९६ र यो वर्ष थप रू.९,६६,४५७। गरि जम्मा आम्दानी रू ५०,५३,८५३। भई रू.९,६६,८५७। खर्च भएको र रू.३१,२६,९३९ । देखिन्छ । पालिकाले नियममा तोकिएबमोजिम नियम बनाएको छैन । ऐन तथा नियममा भएको व्यवस्थाको पालना हुनुपर्दछ ।

२९.२ **समिति गठन**- विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १७(१) मा प्रत्येक स्थानीय तहले अध्यक्ष तथा प्रमुखको अध्यक्षतामा बढीमा १५ जना सदस्य रहेको स्थानीय विपद् व्यवस्थपन समिति गठन गर्नुपर्ने व्यवस्था छ । पालिकाले ऐनमा तोकिएबमोजिम समिति गठन गरे पछि समय समयमा वैठक बसि वैठकका निर्णलाई कार्यान्वयन गर्दै समितिलाई तोकिएको काम, कर्तव्य र अधिकारमा सक्रिय बनाउनुपर्दछ ।

२९.३ **कार्य योजना**- विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १७ (२) तथा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन नियमावली, २०७६ अनुसार स्थानीय विपद् व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकारमा परिषद कार्यकारी र प्रदेश विपद् व्यवस्थापन कार्यकारी समितिबाट स्वीकृत एकीकृत क्षेत्रगत नीति तथा कार्यक्रम अनुरुप हुने गरी स्थानीय विपद् व्यवस्थापन योजना तर्जुमा गरी कार्यान्वयन गर्ने, बजेट विनियोजन गर्न लगाउने, सबै पक्षको समन्वय र संलग्न गराउने, विपद् पूर्व तयारी तथा प्रतिकार्य समिति गठन गर्ने, प्रभावित क्षेत्रमा उद्दार र राहत व्यवस्था गर्ने, ऐन बमोजिम कार्य गरे र नगरेको अनुगमन गर्ने, विपद् सूचना प्रणाली विकास र सञ्चालन, तथ्याङ्क अद्यावधिक गर्ने, विपद् घरपरिवारको पहिचान गर्ने, कर्मचारी क्षमता अभिवृद्धिको व्यवस्था र कार्यक्रम सहितको कार्ययोजना तयारी गरी लागू गर्ने र गराउन सम्बन्धी व्यवस्था छ । पालिकाले ऐन तथा नियमावलीमा तोकिएका कार्यहरू गरेको पाइएन । ऐन तथा नियमावलीको पालना गर्नु र गराउनु पर्दछ ।

३० **कोभिडतर्फ (आय व्यय)**-कोभिड तर्फको आय व्ययको विवरण निम्न अनुसार रहेको छ।

| आम्दानी स्रोत | रकम रू. | खर्च शिर्षक | रकम रू. |
|---|---|---|---|
| संघीय सरकार सशर्त | ३६४००० | खोप कार्यक्रम खर्च | २६४५४० |
| | | बाँकी | ९९४६० |
| जम्मा | ३६४००० | जम्मा | ३६४००० |

३१ **परामर्श सेवा खरिदको विवरण** - सार्वजनिक खरिद ऐन २०६३ को दफा ५ र सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२ ले परामर्श सेवाको लागत अनुमान तयार गर्ने आधारहरु तोकेको तथा नियम १४ ले अधिकार प्राप्त अधिकारीबाट लागत अनुमान स्विकृत गर्नुपर्ने व्यवस्था छ ।कार्यलायले आ.व.२०७९।८० मा परामर्श सेवा खरिद वापत निम्नानुसार रू.८४,२४,२१९। भुक्तानि गरेको पाईयो।

| क्र.सं. | कार्य विवरण | परामर्शदाताको नाम | स्कीकृत लागत रकम | खर्च रकम |
|---|---|---|---|---|
| १ | वडा नं.१ सडक तथा नदि नियन्त्रण | Yashyasbi Engineering & Research Centre, Pvt.Ltd. | ४९७२०० | ४४१९७७ |
| २ | वडा नं.१२ मा सडक डी पी आर | Dinesh & Brothers Engineering Consult and Research | १९६४३९ | १७६१४७ |
| ३ | वडा नं. २ र ३ जोड्ने पक्कि पूल सुनवार नदि मा डी पी आर | Subhalaxmi Engineering Services & Construction pvt.ltd. | ९९४०० | ८८४८४५ |
| ४ | वडा नं.५ र १० सडक डी पि आर | Komal Engineering Construction & Consult pvt.ltd. | ४९२५३५ | ४४१६५८ |
| ५ | वडा नं. ६ र ३ सडक | JD consultants pvt. Ltd. | ९९७७९० | ८८०७३८ |
| ६ | वडा नं. १० नगर स्तरीय कभर्ट हल डी पि आर | J.B. Consulants pvt.ltd. | ६४७४९० | ५७४५५६ |
| ७ | वडा नं. ६ शिव दत्त उप्रेती घर टोटी नालामा पक्कि पुल | Dristi Architects and Engineering Pvt. Ltd. | ९८६४९० | ८७६३८१ |
| ८ | वडा नं.९ र ११ जोड्ने पक्की पूल सुनवार नदि | Sobha Engineering Consultancy Pvt.Ltd. | ९९७२२५ | ८८४८४५ |

| | | | | |
|---|---|---|---|---|
| ९ | वडा नं. ११ सुनवार र वार्ड नदि नियन्त्रण | Kalash Engineering Services Pvt.Ltd. | ९९४४०० | ८८३७६३ |
| १० | वडा नं.८ मणिकाधाम टोल नदि नियन्त्रण | Vibrant Technical Concern Pvt.Ltd. | ४९६६३५ | ४४१८८१ |
| ११ | वडा नं.१८ मा कलुवापुर कोल्ड स्टोर निर्माण | Paradigm Engineering Consultancy Pvt.Ltd. | ९९२१४० | ८८३३८६ |
| १२ | वडा नं. २ खानेपानि | P.G. Engineering Consultancy Pvt.Ltd. | ८८१४०० | ७८८६२९ |
| १३ | वडा नं. ६ खेलकुद मैदान | Subham Developers & Suppliers | २९९४५० | २६५४१३ |
| जम्मा | | | | ८४,२४,२१९। |

उक्त परिमाणको काम रु.२० लाखभन्दा बढीका प्याकेज बनाई प्रतिस्पर्धाबाट काम गराउन सकिनेमा टुक्रा टुक्रा पारी काम गराएको कार्य नियम सम्मत देखिएन। डी.पी.आर.तयार गर्दा पालिकाको प्राविधिक जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट गर्दै आगामी दिनमा पालिकाको प्राविधिक जनशक्तिबाट यस्तो कार्य गराउनु पर्दछ । साथै यसरी अध्ययन प्रतिवेदनवाट तयार भएका आयोजनाहरु कार्यान्वयनमा लैजानुपर्ने देखिन्छ।

३२ **कार्यालय सामान खरिद गर्दा लागत अनुमान नभएको (पालिका चालु)** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५ मा १ लाख रूपैयाँ भन्दा बढीको खरिद कार्य गर्दा लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ।कार्यालयले निम्नानुसार खरिद कार्य गर्दा लागत अनुमान वेगर खरिद गरेको छ। कार्यालयले सामानको स्पेसिफिकेसन सहितको लागत अनुमान तयार गरि खरिद गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ।

| क्र.सं. | भौ.नं. र मिति | फर्म | रकम |
|---|---|---|---|
| १ | ३३४-२०७९।०८।१८ | कांजल ट्रेडर्स | ३२९६८५। |
| २ | ७४१-२०७९।११।२८ | मोर्डन इन्टरप्राइजेज | ७४०५३५। |
| ३ | ९६४-२०८०।०१।०६ | विष्णु जानकी ट्रेडर्स एण्ड सप्लायर्स | ४७४७४२। |

३३ **जरिवाना - विद्युत महशुल (पालिका चालु)** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ को उपनियम १० मा जिम्मेवार व्यक्तीले खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक विल भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नु पर्ने व्यवस्था छ। यस वर्ष पालिकाले विद्युत महशुल समयमै भुक्तानी गरी छुट लिनुपर्नेमा ढिलो गरि विद्युत्त मशहुल भुक्तानी गरेकोले जरिवाना समेत भुक्तानी गर्नु परेको छ। पालिकाले निम्न गो.भौ.न. र मितिमा ढिलो गरि मशहुल भुक्तानी गरेकोले जरिवाना स्वरूप रू.७१,५४४। भुक्तानी गरेको छ। यस्तो भुक्तानी नियम सम्मत नदेखिएको रू.

| क स | भौन र मिति | विद्युत्त महशुल | जरिवाना |
|---|---|---|---|
| १ | २७०-२०७९।०७।२७ | ७७९६४ | १९४९१ |
| २ | २८४ | | २५७७ |
| ३ | ३००-२०७९।०८।१४ | २०६६२ | ५१६५ |
| ४ | ३१७ | | ७०९२ |
| ५ | ३९३-२०७९।०९।०७ | १००१५ | २५०३ |
| ६ | ४५३-२०७९।०९।१८ | ४४४१६ | ११९०४ |
| ७ | १०६६-२०८०।०२।०४ | ६६८३ | १६७० |
| ८ | १०६७-२०८०।०२।०४ | १०४४२ | २६१० |
| ९ | १३७०-२०८०।०३।१५ | ५९३९८ | १४८४९ |
| १० | १३९५-२०८०।०३।१६ | १७९३२ | ४४८३ |
| जम्मा | | | ७१,५४४। |

| | |
|---|---|
| अनियमित भएको | ७१,५४४ |

३४ **अन्य कार्यालयको खर्च (पालिका चालु)** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले प्रमुख प्रशासकीय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा नियमितता मितव्ययिता प्रभावकारिता कार्यदक्षता र औचित्यता समेतको आधारमा खर्च गर्नुपर्ने व्यवस्था छ। पालिकाले आफ्नो कार्य क्षेत्र भन्दा वाहिरको कार्यालय तथा संघ संस्थाको लागि बजेट विनियोजन गरी गरिएको निम्नानुसार खर्च मितव्ययी र बजेट प्रभावकारी भएको देखिएन। पालिकामा यस्तो प्रकृतिको खर्चले थप व्यभार वढ्दै जाने देखिन्छ। यस्तो प्रकृतिको खर्चमा नियन्त्रण गर्नुपर्दछ।

| क्र.स. | भौ.नं./मिति | विवरण | भुक्तानी रकम |
|---|---|---|---|
| १ | ५३८-२०७९।१०।१३ | नेपाल रेडक्रस सोसाईटी, कञ्चनपुर | १००००० |
| २ | ७७३-२०७९।११।२९ | मानव सेवा आश्रम | १००००० |
| ३ | १०५६-२०८०।०२।०२ | अस्थाई प्रहरी पोष्ट वन्साह | ९८६८ |
| ४ | १०६३-२०८०।०२।०४ | सुदूरपश्चिमाञ्चल दलित छात्रावास | ९८३९८ |
| ५ | ११५३-२०८०।०२।१९ | मनमोहन स्मृति भवन-पुर्वाधार विकास समिति | ९८६७४ |
| ६ | १२०३-२०८०।०२।३१ | अस्थायी प्रहरी पोष्ट वन्साह | ४९३२५ |

| | |
|---|---|
| जम्मा | ४५६२६५ |

३५ **सेनिटरी प्याड** - सेनिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि,२०७६ को दफा ४ मा पालिकाले खरिद गरेको सेनिटरी प्याड गुणस्तरमा कमी नआउने गरी भण्डारण गर्नुपर्ने उल्लेख छ । साथै दफा ५ मा सेनिटरी प्याड त्रैमासिक, चौमासिक वा अर्धवार्षिक रुपमा वितरण गर्न सकिने उल्लेख छ । पालिकाका भित्रका सामुदायिक विद्यालयहरुमा कक्षा ६ भन्दा माथिका छात्रा विद्यार्थीहरु ३४४० जना रहेका छन । पालिकाले ए.जि. हेल्थ इण्डस्ट्रीज प्रा.लि. र ए,जि. नेशनल इन्टरप्राइजेजबाट ९८,१४७ प्याकेट सेनिटरी प्याड रु. २८,६३,११९।- (मु.अ.कर समेत) मा खरिद गरेको छ । पालिकाले गत विगतको खपत तथा छात्राहरुको संख्यालाई आधार मानी समयमै उचित परिमाणमा खरिद गर्नुपर्नेमा वर्षान्तमा आवश्यक भन्दा बढी सेनिटरी प्याड खरिद गरेको छ । पालिकाले विद्यालयहरुको मागको आधारमा शैक्षिक व्यवस्थापन सूचना प्रणाली (EMIS) को तथ्याङ्कसँग भिडाइ विद्यालयलाई आवश्यक संख्यामा त्रैमासिक, चौमासिक वा अर्धवार्षिक रुपमा सेनिटरी प्याड उपलब्ध गराउनुपर्नेमा सो नगरी एकमुष्ट वितरण गरी गरेको छ । कार्यविधि विपरितको यस्तो कार्यमा नियन्त्रण गरिनुपर्दछ । साथै विद्यालयहरुमा सेनिटरी प्याडहरु भण्डारण, वितरण र प्रयोगको सम्बन्धमा आवश्यक अनुगमन गरी सेनिटरी प्याडको सदुपयोगको सुनिश्चता हुनुपर्दछ ।

३६ **कृषि औजार तथा बीउ बिजन वितरणमा अनुदान** - पालिकाले आ.व. २०७९।८० मा गहुँ बाली प्रबर्द्धन कार्यक्रम, नयाँ धानबाली पकेट विकास कार्यक्रम, केरा पकेट कार्याक्रम, नयाँ च्याउ पकेट विकास कार्यक्रममा पचास प्रतिशत अनुदान अन्तर्गत विभिन्न मितिमा रु.९,५५,०००।- बराबरको ८ थान पावर टिलर (22HP), रु.१०,८७,५००.०० बराबरको २४ थान मिनि टिलर(9HP), रु.८५,०००।— बराबरको १ थान रोटाभेटर, रु.३४,५००।- बराबरको ३ सेट क्याजह्वील, रु. ७०,०००।- बराबरको २ थान रिपर, रु.६५,०००।- बराबरको १ थान हैरो, रु.३,०९,७३५।- बराबरको २ वटा हाइटेक टनेल, रु.१,१०,६१९।- बराबरको २ वटा परमानेन्ट टनेल, रु.१,००,०००।- बराबरको २ वटा बेम्बो टनेल, रु.८७,०००।- बराबरको ३ थान स्टीमर, रु.१,७५,०००.०० बराबरको १ थान अटोक्ल्याभ(२००लि.), रु.१,१०,६१९.५।- बराबरको १ थान Bod incubator, रु.२,९४,६८०।- बराबरको ८४८० के.जि. गहुँको बीउ, रु.५७,५००।- बराबरको १७०० के.जि. धानको बीउ, र रु.१,७६,०००।- बराबरको १६०० के.जि. च्याउको बीउ विभिन्न कृषक समुह तथा फर्मलाई भुक्तानी गरेको पाईयो । स्थानीय तहले अनुदान वितरणका लागि कृषक समूह तथा फर्मको अद्यावधिक तथ्याङ्क, छनौटको मापदण्ड निर्धारण, लाभग्राहीको प्राथमिकिकरण तथा अनुदान वितरणको स्पष्ट अभिलेखाङ्कन गरेको देखिएन । वास्तविक तथा प्राथमिकता प्राप्त कृषक समूह तथा फर्म लगायत लाभग्राहीले अनुदान पाएको, एकै समूह तथा फर्मले पटक-पटक एकै प्रकारको अनुदान नपाएको र अनुदान वितरणमा पारदर्शिता कायम भएको सुनिश्चित हुन सकिएन । पालिकाले वितरण भएको अनुदानको सही सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलव्धी मापन गरेको देखिएन । साथै अनुदान सम्बन्धमा स्थानीय अनुदान नीति तय गरेका छैन । तसर्थ, अनुगमनलाई प्रभावकारी बनाई संघ, प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदानग्राहीको जीवनस्तरमा सुधार आएको यकिन गरी रकमको पूर्ण सदुपयोग गराउनेतर्फ ध्यान दिनुपर्दछ ।

३७ **लघु उद्यम विकास कार्यक्रम** - उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयद्वारा जारी गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम सञ्चालन निर्देशिका, २०७७ को दफा ५८ मा मन्त्रालय तथा स्थानीय तहले उपयुक्त सूचकहरु निर्धारण गरी कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन गर्ने व्यवस्था रहेको छ । पालिकाले आ.व. २०७९।८० मा सिलाइ कटाइ, बेतबास तालिम, झोला बनाउने, दुना टपरी लगायतका तालिम ८५ जनालाई प्रदान गरी रु.१२,१८,६४०।- र प्रविधि

हस्तान्तरण तर्फ दुना टपरी मेसिन, सिलाइ मेसिन र आइरन ३ वटा समूहलाई हस्तान्तरण गरी रु. २,६८,५९९।- गरी जम्मा रु. १४,८७,२३९।- खर्च गरेको पाईयो । यसरी प्रदान गरिएका उद्यमशीलता तालिम तथा हस्तान्तरित प्रविधिको पहुँच पश्चात के कति व्यक्तिहरु लघु उद्यमी भई निजहरुको जीवनस्तरमा प्रत्यक्ष सुधार भए नभएको लगायत लघु उद्यमको विकास र प्रबर्द्धनको माध्यमबाट गरिबी निवारणमा सहयोग पुगे नपुगेको सम्बन्धमा कार्यालयले निर्देशिकाको व्यवस्था अनुसार उपयुक्त सूचकहरु निर्धारण गरी अनुगमन तथा मूल्याङ्कन सम्बन्धि कार्य नगरेकोले यसतर्फ विषेश ध्यान दिनुपर्दछ ।

उद्योग,वाणिज्य तथा आपूर्ति मन्त्रालयद्वारा जारी गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम सञ्चालन निर्देशिका, २०७७ को अनुसूची-३ मा कार्यक्रमको बजेट तथा कार्यक्रमको बाँडफाँड अन्तर्गत प्राप्त बजेट तथा कार्यक्रमलाई लघु उद्यम विकास(मेड) मोडेल अनुरुपका क्रियाकलापहरुमा वर्गीकरण गरी कुल प्राप्त बजेटलाई उल्लिखित प्रतिशतको दायराभित्र रही कार्यक्रम सञ्चालन गर्ने व्यवस्था रहेको छ । पालिकाबाट प्राप्त विवरण अनुसार यस वर्ष लघु उद्यम कार्यक्रम संचालनार्थ कुल रु. २९,००,०००।- खर्च भएको पालिकाले प्राप्त बजेटलाई उल्लिखित प्रतिशतको दायराभित्र आंशिक रुपमा मात्र रही कार्यक्रम सञ्चालन गरेको पाईयो । अतः कार्यालयले निर्देशिकाको व्यवस्था अनुसार गर्न ध्यान दिनुपर्दछ ।

३८ **स्वास्थ्य कार्यक्रम सञ्चालन** - स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको आर्थिक वर्ष २०७९।८० मा सशर्त अनुदान तर्फ स्थानीय तहबाट कार्यान्वयन गरिने स्वास्थ्य तथा जनसंख्या सम्बन्धी कार्यक्रमहरुका लागि सञ्चालन मार्गदर्शनले उपचारात्मक सेवा, नर्सिङ्ग तथा सामाजिक सुरक्षा व्यवस्थापन, क्षयरोग नियन्त्रण, स्वास्थ्य शिक्षा, सूचना तथा संचार, परिवार कल्याण, इपिडिमिलोजी तथा रोग नियन्त्रण लगायतका आधारभुत स्वास्थ्य सम्बन्धि विविध कार्यक्रमहरु पालिकाबाट सञ्चालन हुने व्यवस्था गरेको छ। यस्ता कार्यक्रमहरु यस कार्यविधिले तोकेका शर्तहरुमा रही कार्यान्वयन गर्नु पर्ने हुन्छ। यसरी कार्यान्वयन गर्दा कार्यक्रमको नियमित अनुगमन गरी प्रतिवेदन पनि अनिवार्य रहन्छ। एक कार्यक्रम भित्र बिभिन्न कृयाकलापहरु रहन्छन्। ती अन्तरसम्बन्धित रहन्छन् र सबै क्रियाकलापहरु सम्पन्न भएपछिमात्र उक्त कार्यक्रमले सार्थकता पाउछ। पालिकाले एक क्रियाकलाप गरी अन्य क्रियाकलापहरुलाई निरन्तरता नदिई बीचैमा छोड्ने, एक क्रियाकलापमा बढी खर्च गरी अन्य क्रियाकलापहरुको लागि बजेट अपुग गराई कार्यक्रम अधुरै राख्ने, कार्यविधिले नभनेका अनावश्यक कार्यहरुमा समेत खर्च गर्ने लगायतका कमजोरीहरु गरेको देखिन्छ । त्यस्तै, मार्गदर्शनले निर्देशित गरेबमोजिम अनुगमन, मुल्यांकन तथा नियमित प्रतिवेदन भएको पनि देखिदैंन। यस्ता प्रवृत्तीले समग्र स्वास्थ्य तथा जनसंख्या सम्बन्धी कार्यक्रमहरुनै कमोजर हुने र अपेक्षित लाभ प्राप्त हुन नसक्ने जोखिम रहन्छ। अतः पालिकाले स्वास्थ्य कार्यक्रमहरुको प्रभावकारीताको लागि हरेक कार्यक्रमहरुको ब्रेकडाउन गरी सोहि अनुरुप कार्यक्रम कार्यन्वयनलाई अनिवार्यता गर्ने, कार्यक्रमका सबै क्रियाकलापहरु सम्पन्न गर्ने तथा कार्यविधिले भने बमोजिम अनुगमन गरी प्रतिवेदन गर्ने प्रणालीको विकास गर्नु पर्ने देखिन्छ।

३९ **न्यानो झोला कार्यक्रम-** स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट जारी गरेको आर्थिक वर्ष २०७९।८० मा सशर्त अनुदान तर्फ स्थानीय तहबाट सञ्चालन गरिने कार्यक्रमहरुको मार्गदर्शनमा प्रसुतिका आधारमा अनुमान गरी न्यानो झोलाको लागि अस्पतालहरुले सार्वजनिक खरिद ऐन र नियमावली अनुसार तोकिएको स्पेशिफिकेशन अनुसार खरिद गरी सो अनुसार गुणस्तर भए नभएको आधिकारिक तहबाट गुणस्तर परीक्षण गर्नु पर्ने व्यवस्था छ । यस पालिका अन्तर्गतका ४ वटा बर्थिङ सेन्टरमा गत वर्ष ६३९ थानको प्रति थानको रु.९००।-(कर सहित) दरले र यस वर्ष ६५० थान को प्रति थानको रु. ९००।-(कर सहित) दरले खरिद गरेकोमा गत वर्ष ५१२ जना र यस वर्ष ४३८ जना गरी ९५० प्रसुति भएको अभिलेखबाट देखिन्छ । पालिकाको भण्डारमा खरिद गरिएका ३३९ थान न्यानो झोला मौज्दातमा रहेका देखिन्छ ।

लामो समय भण्डारण गर्दा सोको गुणस्तरमा ह्रास आउने हुनाले त्यसतर्फ समेत पालिकाले ध्यान दिनुपर्दछ । तसर्थ माग र आवश्यकताको वस्तुनिष्ठ आङ्कलन गरी सुलभ तथा गुणस्तरीय न्यानो झोला खरिद गर्नुपर्दछ ।

४० **औषधी खरिद एवं भण्डारण**

४०.१ **औषधि खरिद-**पालिकाकालाई आवश्यक पर्ने औषधि पालिकाबाट खरिद गर्नुपर्ने र तालुक निकायबाट प्राप्त हुने परिमाण यकिन गरी वार्षिक आवश्यकताको परिणाम विवरण तयार गरी पुल सिस्टमको आधारमा आपूर्ति व्यवस्थापन गर्नुपर्दछ । आपूर्ति हुने औषधी वा अन्य सामानमा उत्पादन मिति, म्याद सकिने मिति, ब्याच नं., उत्पादक कम्पनीको नाम र निःशुल्क वितरणको लागि लगायतका सूचना उल्लेख रहेको हुनुपर्दछ । आपूर्ति भएका औषधिको म्याद सकिने मिति भण्डार दाखिला समयदेखि कम्तीमा १८ महिना बाँकी हुनुपर्ने तथा भण्डारमा दाखिला गर्दा समेत उल्लेखित सबै विवरण खुलाउनुपर्दछ । यस आर्थिक वर्षमा पालिकाले विभिन्न फर्मसँग रु. ३५,६४,८१५।- को औषधि खरिद गरेको देखिन्छ । पालिकाले औषधी खरिद, उपयोग र मौज्दातको अवस्था यकिन गरी औषधी खरिदलाई व्यवस्थित बनाउनुपर्दछ ।

४०.२ **औषधीको गुणस्तर-** सार्वजनिक खरिद नियमावलीको नियम १११(१)(ङ) अनुसार सार्वजनिक निकायले खरिद सम्झौता कार्यान्वयन गर्दा गुणस्तर पक्षको निरीक्षण र परीक्षण गर्नुपर्दछ । कार्यालयले यस वर्ष रु. ३५,६४,८१५।- बराबरको औषधि खरिद गरेको पाईयो । वार्षिक रुपमा खरिद गर्ने औषधी तथा औषधीजन्य सामग्रीको गुणस्तर सुनिश्चितता गर्न आधिकारिक प्रयोगशाला परीक्षण गर्ने/गराउने तथा सो बमोजिम उक्त औषधी तथा सामग्रीहरुको निरीक्षण गराएको पाइएन । अतः नियमावली तथा सम्झौतामा उल्लेख भए अनुसार गुणस्तर पक्षको सुनिश्चितता गर्न गुणस्तर परीक्षण गर्नुपर्दछ ।

४१ **प्रधानमन्त्री रोजगार कार्यक्रम** – स्थानीयत हमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम व्यवस्थित रुपमा सञ्चालनका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ तयार गरेको छ । यस कार्यक्रम अन्तर्गत पालिका अन्तर्गत १२ वडामा १४ योजना सञ्चालन गरी यस वर्ष ८९ जनालाई औसत ८२.४४ दिनले ७३३७ दिन रोजगारी उपलव्ध गराई रु. ४२,३४,०८५।- श्रमिक ज्याला खर्च गरेको छ । पालिकाका नियमित योजना र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजना छनौट गर्दा योजना छनौटको आधार नखुलाएकोले दोहोरो परे नपरेको सम्बन्धमा स्पष्ट हुन सकिएन । योजनामा दोहोरो नहुने गरी योजना छनौट गरी कार्यान्वयन गर्नुपर्दछ । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सिर्जना भए तापनि कामको दिगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिंदैन । तसर्थ कार्यक्रम सञ्चालन निर्देशिका बमोजिम व्यवस्थित तवरले कार्य सञ्चालन गर्नुपर्दछ ।

४२ **शिक्षा तर्फ**

४२.१ **शैक्षिक गुणस्तर-** सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर सुधारको नीति तथा कार्यक्रम, २०७५ अनुसार सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर सुधार नीति तथा कार्यक्रम कार्यान्वयन गर्दा स्थानीय सरकारको अग्रणी भुमिका हुने व्यवस्था अनुरूप सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर सुधार मार्फत नागरिकको छनौटको विद्यालयको रूपमा विकास गरी समाजमा सामुदायिक विद्यालयको ख्याति स्थापित गर्न स्थानीय तहले बाल विकास केन्द्रहरूको पुनर्वितरण तथा सञ्चलनमा सुधार, पाठ्यक्रम तथा पाठ्यसामाग्रीमा समसामयिक सुधार, प्रधानाध्यापकहरूको व्यवस्थापकीय एवम् नेतृत्व क्षमता बढाउने, शिक्षक छनौट प्रक्रियामा सुधार, शिक्षक तालिम तथा पेसागत विकासलाई सुदृढिकरण, शिक्षक प्रशंसा तथा प्रोत्साहनको

व्यवस्था गरी उत्प्रेरणा अभिवृद्धि, शिक्षकको वृत्ति विकास प्रणालीमा परिवर्तन, विद्यार्थी मुल्यांकन प्रणालीमा सुधार, विद्यालय र नागरिकबीच सुमधुर सम्बन्ध, सहयोग र सहकार्य तथा प्राविधिक तथा व्यवसायिक शिक्षामा सुधार जस्ता कुराहरूलाई समेटि शैक्षिक गुणस्तर मापन मापदण्ड तयार गरी लागु गर्नुपर्नेमा सो सम्बन्धि कुनै पनि कार्य गरेको देखिएन। यसमा सुधारका लागि पालिकाको ध्यान जानु पर्दछ।

४२.२ **निःशुल्क पाठ्यपुस्तक अनुदान कार्यक्रम-** कार्यान्वयन पुस्तिका २०७९।८० कार्यक्रम कार्यान्वयन प्रक्रियाको क्रियाकलाप नं. २.४.६.१ को बुँदा नं. ५ मा प्रति विद्यार्थी लागतका आधारमा कक्षा १ देखि १२ कक्षा सम्म अध्ययनरत विद्यार्थीका लागि निःशुल्क पाठ्यपुस्तक अनुदान बापत् कक्षा ११-१२ को लागि आर्थिक वर्षको प्रथम त्रैमासिक तथा कक्षा १-१० का लागि तेस्रो त्रैमासिक भित्र अनुदान दिने व्यवस्था छ । यसरी अनुदान दिँदा पहिलो पटकमा विद्यार्थी संख्याको ७५ प्रतिशत संख्यालाई मात्र अनुदान दिने र शैक्षिक सत्रमा भएको नयाँ विद्यार्थी भर्नाको विवरण, पाठ्यपुस्तक खरिद र वितरण गरेको विवरणको आधारमा यकिन गरी नपुग हुने रकम मात्र दोस्रो पटक अनुदान दिने व्यवस्था छ । पालिकाले पाठ्यपुस्तक वितरण बापत् ३२ विद्यालयलाई पहिलो किस्तामा रु. ५०,५१,३१६।- र दोस्रो किस्तामा रु. ८,५८,३४३।- गरी जम्मा रु. ५८,०९,६५९।— निकासा गरेको छ । विद्यालयले नयाँ पाठ्यपुस्तक तोकिएको दरमा खरिद गरी समयमै सम्बन्धित विद्यार्थीलाई वितरण गरे नगरेको सम्बन्धमा संयन्त्र बनाई आवश्यक अनुगमनको व्यवस्था मिलाउनुपर्दछ ।

४२.३ **दिवा खाजा-** आर्थिक वर्ष २०७९।८० को लागि शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट स्वीकृत कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९।८० को अनुसूची ४(ख) मा ४ देखि ९ वर्ष उमेरका बालबालिका लागि दैनिक आवश्यक पर्ने बृहत् र सूक्ष्म पोषक तत्वको मात्रा तोकिएको छ । त्यसै गरि उक्त अनुसूचीले दिवा खाजा व्यवस्थापन सम्बन्धमा दिवा खाजाका लागि स्थानीय स्तरमा उत्पादन हुने खाद्यान्न प्रयोग गरी विद्यालयमा दिवा खाजा तयार गरी विद्यार्थीलाई उपलब्ध गराउने, विद्यालय व्यवस्थापन समितिले अभिभावक आमा समूह मार्फत खाजा व्यवस्थापनको प्रत्यक्ष रेखदेख तथा अनुगमनको व्यवस्था मिलाउन सक्ने र दिवा खाजाका लागि विद्यार्थीलाई नगद उपलब्ध नगराउने उल्लेख छ । पालिकाले सशर्त अनुदानबाट कुल ३२ विद्यालयका लागि दिवा खाजा बापत रु. 1,02,75,995।- विद्यालयको खातामा रकम निकासा गरेको पाइयो । दिवा खाजा कार्यक्रमको लक्ष्य बमोजिम खर्च भएको सम्बन्धमा पालिकाले अनुगमन गरेको पाईएन । निकासा गरेको रकमको सदुपयोग भए नभएको र विद्यार्थीहरुले तोकिए बमोजिमका पौष्टिकयुक्त खानेकुरा पाए नपाएको सम्बन्धमा पालिका र अन्य सम्बन्धित निकायबाट प्रभावकारी रुपमा अनुगमन हुने गरेको नदेखिएकोले निकासा गरेको रकमको सही सदुपयोग भएको छ छैन एकिन हुन सकिएन त्यसैले पालिका र यससँग सम्बन्धित निकायले अनुगमन गरि सही सदुपयोगको सुनिश्चिता गर्नुपर्दछ ।

४२.४ **विद्यार्थी संख्याको सत्यापन-** शिक्षा तथा मानव स्रोत विकास केन्द्रको कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९।८० ले तय गरेका कार्यक्रमहरु जस्तैः विद्यार्थी छात्रावृत्ति, दिवा खाजा, सेनिटेरी प्याड, पाठ्यपुस्तक वितरण, कक्षा ८ को परीक्षा व्यवस्थापन लगायतका अनुदान वितरण गर्दा विद्यार्थी संख्यालाई आधार लिएको छ । यसका लागि विद्यार्थी संख्या यकिन गर्नु पर्ने हुन्छ ।विद्यालयबाट प्रविष्ट तथ्याङ्क (IEMIS) लाई सम्बन्धित पालिकाले कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन गराई विद्यार्थी संख्या यकिन गर्नुपर्दछ।यस पालिकाले सत्यापन नगरी IEMIS तथ्याङ्कको आधारमा मात्र अनुदान दिएको देखिन्छ । यसरी अनुदान दिँदा वास्तविक रुपमा नभएका तर EMIS लगत कट्टा भईनसकेका विद्यार्थीहरुको लागि पनि अनुदान जाने जोखिम रहन्छ । पालिकाले विद्यार्थी संख्यालाई आधार मानि दिईने अनुदानमा त्यस्ता अनुदान दिनु पूर्व अनिवार्य सत्यापन गराएर मात्र भुक्तानी दिने व्यवस्था गर्नुपर्दछ ।

४२.५ **शिक्षक दरबन्दी र पदपूर्ति-** स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । यस स्थानीय तह अन्तर्गत विभिन्न तहका २२ सामुदायिक विद्यालयहरुको शिक्षक दरबन्दी र पदपूर्तिको अवस्था एवं विद्यार्थीको संख्या निम्नानुसार रहेको देखिन्छ । सबै विद्यालयमा तोकिए अनुसार शिक्षक विद्यार्थी अनुपात मिलाउनु पर्ने देखिन्छ ।

| विद्यालयको संख्या | शिक्षक दरबन्दी | पदपूर्ति | पदपूर्ति मध्ये करार | विद्यार्थी संख्या | प्रति शिक्षक विद्यार्थी अनुपात |
|---|---|---|---|---|---|
| ३२ | १९७ | १८६ | २ | ८४२४ | १:४३ |

४२.६ **शिक्षक विद्यार्थी अनुपात-** थानीय तहमा रहेका सामुदायिक विद्यालयहरूमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । विद्यालय समायोजन कार्यान्वयन निर्देशिका, २०७० ले न्यून विद्यार्थी भएका विद्यालयलाई जिल्ला शिक्षा समन्वय अधिकारीको सिफारिसमा जिल्ला शिक्षा समितिले बन्द गरी अर्को पायक पर्ने विद्यालयमा नियमानुसार समायोजन गर्न सक्ने उल्लेख छ । निर्देशिकाको बुँदा नं. १४.१ मा विद्यालय समायोजन सम्बन्धी कार्यक्रम कार्यान्वयनका लागि विद्यालयको तथ्याङ्क संकलन गरी सम्भाव्यता अध्ययन गर्नुपर्ने व्यवस्था छ । शिक्षा नियमावली, २०५९ को नियम ७७(१) मा सामुदायिक विद्यालयहरुको प्रत्येक कक्षामा सामान्यतया उपत्यका तथा तराई, पहाडी र हिमाली क्षेत्रहरुमा क्रमशः ५०, ४५ र ४० विद्यार्थी हुनुपर्ने व्यवस्था छ । सोही नियमावलीको नियम १२क मा अधिकांश कक्षामा नियम ७७ बमोजिम विद्यार्थी संख्या नभएमा विद्यालय गाभ्ने व्यवस्था छ । यस नगरपालिका अन्तर्गत रहेका ३२ सामुदायिक विद्यालयहरुमा पालिकाले उपलब्ध गराएको विवरण अनुसार ८४२४ विद्यार्थीहरु अध्ययनरत छन् र शिक्षक विद्यार्थी अनुपात निम्नानुसार रहेको देखिन्छः

| सि.नं. | विद्यालयको नाम | शिक्षक दरबन्दी | पदपूर्ति | विद्यार्थी संख्या | शिक्षक विद्यार्थी अनुपात |
|---|---|---|---|---|---|
| १ | श्रीधर्मजनतामा.वि. स्टेशनपुर | १५ | १५ | ७२६ | १:४८ |
| २ | श्री बैजनाथ मा.वि. कसरौल | १४ | १४ | ५१४ | १:३७ |
| ३ | श्री कृष्ण मा.वि. सिमलफाँटा | ५ | ५ | ३०८ | १:६२ |
| ४ | श्री शिवशक्ति मा.वि. कालागौडा | ९ | ९ | ३९१ | १:४३ |
| ५ | श्री अशीग्राम मा.वि. सिसैया | ७ | ७ | २५० | १:३६ |
| ६ | श्री सरस्वती मा.वि. अम्मरपुर | १२ | १२ | ५८८ | १:४९ |
| ७ | श्री राष्ट्रिय मा.वि. पिपलाडी | १६ | १६ | ९२० | १:५८ |
| ८ | श्री सिद्दबैजनाथ मा.वि. बन्साह | १४ | १४ | ६३४ | १:४५ |
| ९ | श्री जनजागृती मा.वि. गणेशपुर | ८ | ८ | २७७ | १:३५ |
| १० | श्री कालिका मा.वि. असैना | ९ | ९ | २७० | १:३० |

| | | | | | |
|---|---|---|---|---|---|
| ११ | श्री शिवशंकर मा.वि. गर्जमुनी | १० | १० | ३६७ | १:३७ |
| १२ | श्री कृष्ण मा.वि. झलारी | १५ | १५ | ४२९ | १:२९ |
| १३ | श्री सिद्दनाथ मा.वि. बेल्डाँडी | ५ | ५ | ३२४ | १:६५ |
| १४ | श्री कृष्ण आ.वि. रामनगर | ४ | ४ | २२९ | १:५७ |
| १५ | श्री जनचेतना आ.वि. गणेशपुर | १ | १ | ४१ | १:४१ |
| १६ | श्री बैजनाथ आ.वि. लक्ष्मीपुर | ३ | ३ | १०५ | १:३५ |
| १७ | श्री बैजनाथ आ.वि. खजुवा | ३ | ३ | १८७ | १:६२ |
| १८ | श्री मंगल आ.वि. फूलेली | २ | २ | ६१ | १:३१ |
| १९ | श्री मिलन आ.वि. | १ | १ | ३७ | १:३७ |
| २० | श्री जनभावन आ.वि. नौखरी | ५ | ५ | ३१६ | १:६३ |
| २१ | श्री सरस्वती आ.वि. चित्रपुर | ३ | ३ | ७९ | १:२६ |
| २२ | श्री पञ्चकोटी आ.वि. पिल्लरीफाँटा | १ | १ | १५५ | १:१५५ |
| २३ | श्री त्रीमूर्ति आ.वि. | ३ | ३ | ३२ | १:११ |
| २४ | श्री शान्ति आ.वि. शान्तिपुर | ४ | ४ | ३२ | १:८ |
| २५ | श्री भवानी आ.वि. जुडा | ३ | ३ | ४६ | १:१५ |
| २६ | श्री सिद्दभिम आ.वि. कलुवापुर | ५ | ५ | २२५ | १:४५ |
| २७ | श्री बैजनाथ आ.वि. पारीफाँटा | ६ | ६ | ३३७ | १:४८ |
| २८ | श्री दशरथ आ.वि. अम्मरपुर | ४ | ४ | ६६ | १:१७ |
| २९ | श्री दिपनगर आ.वि. दीपनगर | २ | २ | १७० | १:८५ |
| ३० | श्री सिद्दनाथ आ.वि. बसन्तपुर | २ | २ | ६१ | १:३१ |
| ३१ | श्री जनज्योती आ.वि. जोनापुर | ४ | ४ | १८४ | १:४६ |

यस नगरपालिकामा रहेका विद्यालयमध्ये उल्लिखित विद्यालयहरुमा शिक्षक विद्यार्थी अनुपात १:८ देखि १:१५५ सम्म रहेको प्राप्त विवरणबाट देखिन्छ । सो अनुसार कतिपय विद्यालयमा शिक्षक दरवन्दी न्यून अवस्थामा रहेको र कतिपयमा न्यून विद्यार्थी संख्या रहेका कारण प्रति विद्यार्थी लागत बढ्न गएको अवस्था देखिन्छ । अतः न्यून विद्यार्थी संख्या भएको विद्यालय समायोजन एवं शिक्षक दरवन्दी मिलान गरी पठनपाठन व्यवस्थित गर्न सम्बन्धित निकायले ध्यान दिनुपर्दछ ।

४२.७ **छात्रवृत्ति -** आर्थिक वर्ष २०७९।८० को लागि शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट स्वीकृत कार्यक्रम कार्यान्वयन पुस्तिका, २०७९।८० को २.८.४ को क्रियाकलाप नं. ७.२.१.१ मा सार्वजनिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरुका लागि छात्रवृत्ति(आवासीय तथा गैर आवासीय) उपलब्ध गराउने व्यवस्था छ । स्थानीय तहले विद्यालयले छात्रवृत्ति वितरण गरेको भरपाई तथा समग्र कार्यक्रमको प्रभावकारिता अनुगमन गर्नुपर्ने व्यवस्था छ । पालिकाले सामुदायिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरुलाई यो वर्ष छात्रवृत्ति को लागि रू. १९,९२,४९०।- रकम निकासा गरेको छ । सो सम्बन्धमा पालिकाले सूचक सहित अनुगमन गरी विद्यार्थीको नामनामेसी सहितको अनुगमन प्रतिवेदन संलग्न गरेको देखिएन । अतः तोकिए अनुसार छात्रवृत्ति वितरण भए नभएको सम्बन्धमा पालिकाबाट प्रभावकारी अनुगमन गरी रकम सदुपयोगको सुनिश्चिता हुनुपर्दछ ।

---

४२.८ **निजी विद्यालय अनुगमन कार्यविधि-** पालिकाकाले विद्यालय अनुगमन मुल्यॉंङ्कनका लागि कार्यविधि तयार गर्नुपर्दछ ।सो बेगर निजी विद्यालयको शुल्क निर्धारण लगायतका विषयमा प्रभावकारी अनुगमन मुल्यॉंङ्कन हुन सकेको छैन । निजी विद्यालयको समग्र व्यहोरा लगायतका बिषयमा अनुगमन मुल्यॉंङ्कन कार्यविधि तयार गरी कार्यान्वयनमा ल्याउनु पर्दछ ।

---

४२.९ **विद्यालयको अनुगमन नियमन-** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ अनुसार माध्यमिक तह सम्मका विद्यालय संचालन तथा व्यवस्थापनको लागि आवश्यक नीति निर्माण, अनुगमन मुल्याकंन तथा नियमन सम्बन्धि कार्य सम्बन्धित पालिकाले गर्ने व्यवस्था छ । पालिकाले विद्यालय अनुगमन मापदण्ड तयार नगरेको अनुगमन नियमन प्रभावकारी हुन सकेको छैन । जसवाट विद्यालयले प्रदान गरेको शिक्षण शिकाइ कार्य प्रभावकारी रूपमा संचालन भएको छ भन्ने अबस्था नरहेकोले अनुगमन मापदण्ड तयार गरी विद्यालय अनुगमन कार्यलाई प्रभावकारी रूपमा सञ्चालन गर्ने तर्फ ध्यान दिनुपर्दछ ।

---

४३ **स्वास्थ्य तर्फको तलबी प्रतिवेदन पारित नभएको -**स्वास्थ्य सेवा ऐन, २०५३ को अनुसूची-२.१ अनुसार तराईको स्वास्थ्य चौकीमा २ जना छैठौं तहका(हे.इ.कन.), २ जना पाँचौं तहका (हे.इ.) र २ जना चौथो तहका (हे.इ.कन.) गरी ६ जनाको दरबन्दी हुने र आवश्यकता अनुसार ल्याब असिस्टेन्ट र कार्यालय सहयोगी करारमा राख्न पाउने व्यवस्था छ । पालिकाले देहायका १३ जना दरबन्दी भन्दा बढी स्वास्थ्यकर्मी राखी तलब भत्ता भूक्तानी गरेको छ ।

| क्र.सं. | पद | तह | दरबन्दी भन्दा बढी रहेको संख्या |
|---|---|---|---|
| १ | ज.स्वा.नी. | अधिकृत छैटौं | १ जना |
| २ | सि.अ.हे.ब. | अधिकृत छैटौं | ३ जना |
| ३ | सि.अ.हे.ब. | सहायक पाँचौ | १ जना |
| ४ | सि.अ.न.मी. | सहायक पाँचौ | ६ जना |
| ५ | सि.अ.न.मी.नि. | सहायक पाँचौ | १ जना |
| ५ | अ.न.मी. | सहायक चौंथो | १ जना |

पालिकाले उल्लिखित दरबन्दी भन्दा बढी कर्मचारीलाई सरुवा सहमति दिई हाजिर गराएको पाइयो । जसले गर्दा तलब भत्ता भुक्तानीमा कठिन भएको, पटक-पटक स्वास्थ्य मन्त्रालयमा थप रकम निकासाको लागि पठाएको जानकारी हुन आयो

। दरबन्दी भन्दा बढी कर्मचारी रहँदा कर्मचारी जिम्मेवार बिहीन भई पालिका र अन्तर्गतका स्वास्थ्य संस्थामा बसेको पाइयो । हिमाली पहाडी तथा दुर्गम पालिकाहरुमा स्वास्थ्यकर्मीहरुको दरबन्दी अनुसार पदपूर्ति नहुँदा सामान्य स्वास्थ्य उपचार सेवा उपलब्ध गराउन कठिन भएको अवस्थामा जिम्मेवार बिहीन रहने गरी दरबन्दी भन्दा बढी स्वास्थ्यकर्मी हाजिर गराउनु उचित देखिदैन । दरबन्दी भन्दा बढी कुनै काम नै नहुने गरी सहमति दिनेलाई अब उप्रान्त यस्तो सहमति नदिने सुनिश्चितता सहित सहमति दिइ सकेको सम्बन्धमा जिम्मेवार बनाउने साथै स्वास्थ्यकर्मी आवश्यक भएमा ओ एण्ड एम गरी सोही अनुसार प्रक्रिया पुरा गरी पदपूर्ति गर्ने तथा दरबन्दी भन्दा कार्यरत कर्मचारीहरुलाई अन्यत्र पठाउने व्यवस्था हुनुपर्दछ ।

४४ **सहकारी अनुगमन** -स्थानिय सरकार संचालन ऐन २०७४को दफा ११ ( ख ) मा स्थानिय तहले सहकारी संस्थाको अनुगमन तथा नियमन गर्नु पर्ने व्यवस्था छ । यस पालिकाले ऐनमा भएको व्यवस्था बमोजिम अनुगमन तथा नियमन गरी अभिलेअ राखेको देखिएन ।अतः पालिकाले ऐनमा भएको व्यवस्था अनुसार अनुगमन गरी अभिलेख राख्नु पर्दछ।

४५ **ठेक्का व्यवस्थापन**

४५.१ **दश शैया अस्पताल निर्माण-** नगरपालिका कार्यालयले पन्ध्र शैया अस्पताल निर्माणको बोलपत्र प्रकाशन गरी प्रशंसा रश्मी एम के निरज जे भी मिति २०८०।३।२० भित्र सम्पन्न गर्ने गरी रू ६,२४,५८,२०३।००मा सम्झौता गरी मिति २०७८।३।८मा कार्याआदेश दिएको देखिन्छ । उक्त कार्यको लेखापरीक्षणको समयमा श्रेस्ता परीक्षण गर्दा हाल सम्म रू २,२६,१४,८५९।०० भुक्तानी गरी ३६।२१ प्रतिशत मात्र प्रगति भएको देखिन्छ । कार्यालयले दिएको विवरण अनुसार शुरू सम्झौताकोअन्तिम समयसम्म ३६।२१ प्रतिशत मात्र वित्तीय प्रगति गरेको देखिन्छ।पालिकाले सम्झौता बमोजिम कार्यसम्पादन कार्य तालिका पेश गरी सो काम गराउन तर्फ ध्यान दिनु पर्दछ । । साथै बिमाको बैंक जमानतको म्याद निम्ननाअनुसार देखिएकोले म्याद थप गरी प्रमाण पेश गर्नु पर्ने देखिएको रू

| बैंक जमानत | ठेक्का न फर्मको नाम | जारी गर्ने बैंक | जमानत अवधि | जमात रकम |
|---|---|---|---|---|
| बिमा म्याद | १५ शैया अस्पताल २१।२०७७।७८ | | २०८०।३।३० | १३२८१३।०० |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,३२,८१३ |

४५.२ **एज बिल्ड प्रमाण बेगर भुक्तानी**-सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२५ मा खरिद सम्झौता बमोजिम निर्माण कार्य सम्पन्न भएको तिस दिन भित्र सम्बन्धित निर्माण ब्यावसायीले निर्माण भए बमोजिमको एज बिल्ड नक्सा सार्वजनिक निकायमा पेश गर्नु पर्ने व्यवस्था छ । यस नगरपालिका कार्यलयले भौचर न ४।२०७९।६।१२ बाट वडा न ६ को कार्यालय भवन निर्माण कार्यको अन्तिम बिलको रकममा एज बिल्ड नक्शा वापत रू ४००००।००भुक्तानी गरेकोमा एज बिल्ड नक्शा प्रमाण पेश गरेको देखिएन । यसरी एज बिल्ड नक्शा बेगर शानिया कन्स्टक्शनलाई भुक्तानी गरेको रकम नियम संगत देखिएन । अतः एज बिल्ड नक्शा तयार गरेको भए प्रमाण पेश गर्ने अन्यथा असुल गर्नु पर्ने देखिएको रू

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ४०,००० |

४६ **उपभोक्ता समितिको काम**

४६.१ **उपभोक्ताको काम-** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४४ मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट निर्माण कार्य गराउदा वा सो सम्वन्धी सेवा प्राप्त गर्दा मितव्ययीता, गुणस्तरियता वा दिगोपना अभिवृदी हुने भएमा वा परियोजनाको मुख्य उद्देश्य नै रोजगारीको सृजना गर्ने र लाभग्राही समुदायलाई सहभागी गराउने भएमा उपभोक्ता समिति वा लाभग्राही समूहबाट त्यस्तो कार्य गराउन वा सेवा लिन सकिने उल्लेख छ । साथै नियमावलीको नियम ९७(१४) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट काम गराउदा श्रममुलक कामको निर्धारण, काम वा सेवामा मितव्ययीता, गुणस्तरियता, दिगोपना अभिवृद्धि गर्ने तरिका आम्दानी खर्चको अभिलेख, काम वा सेवाको सुपरिवेक्षण र अनुगमन जस्ता विषयमा सार्वजनिक निकायले अपनाउनु पर्ने कार्यविधी सार्वजनिक खरिद अनुगमन कार्यालयले निर्धारण गर्न सक्ने उल्लेख छ । यस कार्यालयले बाटो निर्माण, भवन निर्माण, खानेपानी संरचना र सिचाई कुलो निर्माण जस्ता कार्य उपभोक्ता समिति मार्फत गराई उपभोक्ताले निर्माण कार्यमा प्रयोग गरेको लोडर, , डोजर, रोलर जस्ता हेभि मेशिनहरू प्रयोग गरेको विल भर्पाईको आधारमा निर्माण कार्य सम्पन्न गरेको प्राविधिक प्रतिवेदनमा उल्लेख गरेको छ । उपभोक्ता मार्फत सम्पन्न गरिएका आयोजना श्रम मुलक, मितव्ययी, गुणस्तरिय र दिगोपना अभिवृद्धि हुने खालको नदेखिएको र परियोजनाको मुख्य उद्देश्य रोजगारी सृजना गर्ने नभएकोले उपभोक्ता मार्फत निर्माण कार्य गराएको मनासिव मान्न सकिएन । सार्वजनिक खरिद अनुगमन कार्यालयले समेत उपभोक्ता समितिबाट गराउन सक्ने कामको कार्यविधि तयार गरेको पाईएन । सार्वजनिक खरिद नियमावलीमा भएको खरिद सम्बन्धी प्रकृयाको अवलम्वन गर्दै प्रतिस्पर्धात्मक र गुणस्तरिय निर्माण कार्य सम्पन्न गर्ने तर्फ कार्यालयको ध्यान जान जरूरी देखिएको छ । केही उदाहरण निम्न छन्:

| सि न | उपभोक्ता समितिको नाम | कामको नाम | रकम |
|---|---|---|---|
| १ | वनसमिती पिपलडाडी ४र ५ सिमानामा कल्भर्ट निर्माण उ. स. | कल्भर्ट निर्माण | ११९२०९६।०० |
| २ | सिमलफाटा कल्भर्ट निर्माण उपभोक्ता समिति | कल्भर्ट निर्माण | ६१६५६९।०० |
| ३ | रामजानकी मन्दिरमा बिबाह मण्डप निर्माण उ. स. | मण्डप निर्माण | ६८४०२३।०० |
| ४ | झलारी धारापानी सुरेस ऐरको घरदेखि नौखरी जोडने सडक उ. स. | सडक निर्माण | ४८१७०४।०० |
| ५ | बर्थिङ्ग सेन्टरदेखि खानेपानी टंकी सम्म सडक ढलान उ. स. | सडक ढलान | ६९४०००।०० |
| ६ | बैजनाथ मन्दिर संरक्षण उ. स. | मन्दिर निर्माण | ७३३६९७।०० |
| ७ | प्रगतीटोल हुदै सडक कालोपत्रे | सडक निर्माण | १०६४१७०।०० |
| ८ | वडान १०कार्की मेडिकल हुदै नाला निर्माण | नाला निर्माण | ९७८२२२।०० |
| ९ | वडा न ७स्यालो टयुबेल निर्माण उपभोक्ता समिति | स्यालो टयुवेल | ४३९७१९।०० |
| १० | लौटा टोलमा कल्भर्ट निर्माण तथा तटवन्ध नि .उ. स. | तटन्ध निर्माण | ४३४५३०।०० |
| ११ | कृष्ण माबि झलारी अधुरो भवन निर्माण | भवन निर्माण | ५६०५३५।०० |
| १२ | जनज्योती आ. बि .भवन निर्माण | भवन निर्माण | ७०००००।०० |
| १३ | सरस्वती मा .बि .भवन निर्माण | भवन निर्माण | ७०००००।०० |

| | | | |
|---|---|---|---|
| १४ | त्रिबेणी चोकदेखि शैकर रानाको घरसम्म सडक ढलान | सडक ढलान | ९७४३६७।०० |
| १५ | वडा न ८ नदी प्रभावित वनहरा खोला तटबन्ध नि .उ .स. | तटबन्ध निर्माण | ४८५७५८।०० |

४६.२ **गुणस्तर परीक्षण-** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५(१) अनुसार सार्वजनिक निकायले आपुर्ति गरेका मालसामान सम्झौतामा उल्लेखित प्राविधिक स्पेशिफिकेसन र गुणस्तर वमोजिम भए नभएको निरीक्षण वा परीक्षण गर्नु गराउनु पर्ने व्यवस्था छ ।यस स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समितिले पेश गरेको ल्याब टेष्ट रिपोट बाहेक निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन ।अत खरिद नियमावलीमा भएको व्यवस्था अनुसार गुणस्तर परीक्षण गराउनु तर्फ ध्यान दिनु पर्दछ । केही उदाहरण निम्न अनुसार छन्:

| सि.नं | निर्माण कामको विवरण | पार्टीको नाम | भुक्तानी रकम |
|---|---|---|---|
| १ | गौरीफाटा आशिषपु सडक निर्माण | गौरीफाटा आशिषपु सडक निर्माण उ स | ९३०२२६।०० |
| २ | सडक बत्ती जडान | घरसंसार सप्लार्स | ९७९११६।०० |
| ३ | मेशिनरी औजार खरिद | सिटी कम्पयुटर एण्ड इलेटिक्स | ५६२२४९।०० |
| ४ | वडा न ९ भवन निर्माण | जि के कन्स्टक्शन | ७१९३०१।०० |
| ५ | अधुरो कभर्ड हल नर्माण | जे बि कन्सल्टयान्ट प्रा लि | ६४७४९०।०० |

४६.३ **अनुगमन नभएको** - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १६ (ख) ५ मा उप प्रमुख वा उपाध्यक्षले योजना तथा कायक्रमको अनुगमन सुपरिबेक्षण गरी सो को प्रतिवेदन बैठकमा पेश गर्ने र (ग) २ मा वडाबाट कार्यन्वयन हुने योजना तथा कार्यक्रम कार्यान्वयन गर्ने गराउने सो को अनुगमन तथा आवधिक समिक्षा गर्ने गराउने व्यवस्था छ । यस पालिकामा आर्थिक वर्ष २०७८।७९ मा संचालन भएका योजना तथा कार्यान्वयन भई सम्पन्न भएका योजनाको प्राबिधिक प्रतिवेदनका आधारमा खर्च भुक्तानी गरेकोमा सोको पालिका उप प्रमुख र सम्बन्धित वडा अध्यक्षले योजना तथा कार्यक्रमको अनुगमन तथा सुपरिबेक्षण गरेको प्रतिवेदन आंशिक पेश गरेको देखिन्छ भने पालिकाद्वारा संचालित योजनाहरु लक्ष्य अनुसार सम्पन्न भए भएन भनी पालिकाले आधिकारिक समिक्षा गरेको प्रतिवेदन छैन । अतः यसले गर्दा पालिकाद्वारा संचालित सबै योजना तथा कार्यक्रम लक्ष्य अनुसार नै सम्पन्न भएका छन भन्ने प्रष्ट आधार देखिएन । पालिकादारा संचालित योजना तथा कार्यक्रमको स्थानिय सरकार संचालन ऐन, २०७४ मा उल्लेख भएको व्यवस्था बमोजिम अनुगमन तथा सुपरिबेक्षण गरी समिक्षा गरेको प्रतिवेदन अभिलेखगत रूपमा राख्नु पर्दछ ।

४६.४ **सार्वजनिक परीक्षण-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था बमोजिमको कार्य भएको पाइएन । सार्वजनिक परीक्षणको अभावमा आर्थिक कारोबारमा जवाफदेहिता र पारदर्शिताको प्रवर्द्धन गर्ने कार्यमा बाधा पर्ने देखिन्छ ।

४६.५ **मु. अ. कर बिजक बेगर भुक्तानी-** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ वमोजिम उपभोक्ता समितिले गरेको खर्चको बिल भरपाई कार्यालयलले जांच गरी प्रतिवेदन लिने व्यवस्था छ । यो वर्ष निम्न बिधालय भवन तथा अन्य भवन निर्माण उपभोक्ता समितिलाई समान खरिदमा मुल्य अभिवृद्धि कर सहित रकम भुक्तानी दिने गरी लागत अनुमान तयार गरी सोही वमोजिम कार्य सम्पन्न भई भुक्तानी भएकोमा विल पेश नभएको समानको मु.अ. कर भुक्तानी भएको देखिन्छ । यसरी बिजक बेगर मु.अ.कर भुक्तानी दिएको रू. १४०८०६।०० नियमसंगत देखिएन । अतः कार्यालयले मुल्य अभिवृद्धि कर भुक्तानीको बिजक लिएको भए मु.अ.कर.समायोजन सहितको प्रमाण उपभोक्ताबाट पेश गर्न लगाउने अन्यथा उक्त मु.अ.कर असुल गरी सघिय संचित कोष दाखिला गरेको प्रमाण पेश गर्नु पर्ने देखिएको रू

| भौचर नं. | उपभोक्ता समितीको नाम | कामको विवरण | मु.अ. कर भुक्तानी रकम | बिजक पेश भएको रकम | बिजक पेश नभएको रकम | कैफिएत |
|---|---|---|---|---|---|---|
| ८८।२०७९।१२।२८ | जनजागृती मा. बि .गणेशपुर | विद्यालय भवन निर्माण | ८०५३० | ५७७६१ | २२७६९ | |
| २५४।२०८।३।२० | कृष्ण आ बि रामनगर | विद्यालय भवन निर्माण | ८०५३३ | ३६५९४ | ४३९३६ | |
| ५।२०७९।६।३० | सरस्वती मा. बि .अमरपुर | विद्यालय भवन निर्माण | ८०५३० | ५४३९२ | २६१३८ | |
| २०।२०७९।८।२९ | जनज्योती आ .बि. जोनापुर | विद्यालय भवन निर्माण | ८०५३३ | ५३३२२ | २७२०८ | |
| ७।२०७९।७।३ | सिदनाथ मा .बि .बेलडाडी | विद्यालय भवन निर्माण | ८०५३० | ५९७७५ | २०७५५ | |

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,४०,८०६ |

४६.६ **नापी किताव-** निर्माण सम्वन्धी कामको विवरण नापि कितावमा अभिलेखको रुपमा जनाई राख्नुपर्दछ । प्रयोग गरिने नापि कितावहरु नापी नियन्त्रण खातामा अभिलेख जनाई प्रयोग गर्दा माग फारम भरी निकासा गराई प्रयोग गर्नुपर्नेमा कार्यालयवाट निर्माण कार्यको अभिलेख राख्ने प्रयोजनको लागि नापी कितावको रुपमा प्रयोग नगरी कम्प्यूटरमा राखी लुजसिटको रुपमा प्रयोग गरेको देखियो । उक्त लुज सिटहरु एकिकृत गरी बाइन्डिङ गरी राखेको समेत पाइएन । यसरी लुजसिटमा राख्दा निर्माण कार्यको अभिलेख एकिकृत रुपमा नराखेको कारण परिक्षण तथा मुल्याङ्कन गर्न कठिनाई पर्ने देखिन्छ । साथै लुजसिटमा राखेका विवरणहरु हराउने सम्भावना बढी हुने हुँदा निर्माण कार्यको अभिलेख नापी कितावको रुपमा राखि सोको नियन्त्रणका लागि नापी किताव नियन्त्रण खाता समेत प्रयोगमा ल्याउनुपर्ने देखिन्छ । यस पालिका कार्यालयद्रारा गत आ.वा.मा संचालित योजनाहरुको भुक्तानी यस बष कार्य सम्पन्न भएको आधारमा भुक्तानी दिएको देखिन्छ । लेखापरिक्षणको क्रममा गत आर्थिक वर्षका नापी किताब भुक्तानी विवरण लेखापरीक्षणको क्रममा पेश नभएकोले जोडजम्मा भिडानगर्न सकिएन । अतः कार्यालयले क्रमागत योजनाहरुको नापी किताब एकिकृत गरी राख्नु पर्ने देखिन्छ ।

४६.७ **अन्य कार्यालयको खर्च** - आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ मा स्वीकृत बजेट रकम पालिकाको लागि भएकोले सोही अनुसार अन्यत्र प्रयोजनमा खर्च गर्न नहुने व्यवस्था छ । यस पालिकाले अन्य मन्त्रालयबाट विनियोजित रकमबाट खर्च गर्नुपर्ने कार्यक्रम, निर्माण तथा मर्मत कार्यको लागि यस कार्यालयले भुक्तानी गरेको नियमसम्मत देखिएन । स्वीकृत बजेट तथा कार्यक्रम अनुसार निर्धारित कार्यक्रमको उपलब्धि प्राप्त गर्ने गरी खर्च गर्नुपर्ने हुँदा अन्य निकायको लागि खर्च गर्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ । केही उदाहरण निम्म छन्:

| भौचर न | कामको विवरण | रकम |
|---|---|---|
| ७३।२०७९।१२।२३ | भुमीसुधार मालपोत कार्यालय कंचनपुर | २०००००।०० |
| ६१।२०७९।१२।२२ | कृष्ण सामुदायिक वन | ४३००८७।०० |
| २४६।२०८०।३।२० | जिल्ला समन्वय समिति कंचनपुर | २०००००।०० |
| २३७।२०८०।३।१९ | झलारी उधोग वाणीज्य संघ | ३८७३३५।०० |

४६.८ **रोयल्टी रसिद पेश नभएको-** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७(६) मा कामको प्राविधिक मुल्याङकन बिल भरपाई खर्च प्रमाणीत गर्ने अन्य बिल भरपाई समितिबाट प्रमाणित गरी सार्वजनिक निकायमा पेश गर्नु पर्ने व्यवस्था छ । यस पालिकाले उपभोक्ता समितबाट गराईएका निम्न कार्यमा देखिएको ब्यहोरा तल उल्लेख गरिएको छ । अतः पालिका कार्यालयले सम्बन्धित उपभोक्ता समितिले पेश गरे बमोजिमको रोयल्टी रकम सम्बन्धित स्थानिय तहलाई निम्म निर्माण ब्यावसायीले बुझाएको नगदी रसिद भए प्रमाण पेश गर्ने अन्यथा उक्त रोयल्टी रकम असुल गरी पालिका कोषमा दाखिला गर्नु पर्ने देखिएको रू

| भौचर न | उपभोक्ता समिति | स्थानिय तह | रसिद न र ब्यहोरा | दर | रकम |
|---|---|---|---|---|---|
| ९७।२०८० ।१।५ | झलारी धारापानी सुरेश ऐरको घरदेखि नौखरी जोडने सडक नि. उ .स. | कृष्णपुर न. पा .वालाजी कन्स्टकशन | रसिद न २३१०१बाट ३००घन मिटर | १०५ | ३१६२० |
| २२८।२०८० ३।१८ | मानसिह बिष्टको घरदेखि नदीतथा नाला नि .उ. स. | बेदकोट न .पा. गणपति कन्स्टक्कन | ८९ घन मिटर | १०६ | ९४३४ |
| ३।२०७९ ।९।२१ | त्रिबेणी चोक देखि शंकररानाको घरसम्म बाटो नि. उ. स. | कृष्णपुर न .पा .वालाजी कन्स्टकशन | रसिद न २२४२० र२२४१९बाट | १०५ | ८६९४० |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,२७,९९४ |

४७ **सोझै खरिद**

४७.१ **कोटेशनको कार्य-** सार्वजनिक खरीद ऐन, २०६३ को दफा ८(२) मा र नियमावली २०६४ को नियम ८४ मा १० लाख भन्दा बढीको खरीदमा शिलवन्दी दरभाउ पत्र माग गरी खरीद गर्नु पर्ने, एकै प्रकारको समान पटक पटक खरिद गर्न नहुने र प्याकेजमा खरिद गर्न सकिने समानको प्याकेज बनाई प्रतिस्पर्धी मुल्यमा खरिद गर्नु पर्ने एउटै प्रकृतिका समान प्रतिस्पर्धी मुल्यमा खरिद गर्दा प्याकेज तयार गरी खरिद गर्नु पर्ने व्यवस्था समेत छ । कार्यालयले आर्थिक वर्ष २०७९।८० मा बोलपत्र वा शिलवन्दी दरभाउ पत्र माग नगरी अधिकांश निमार्णका कार्य कोटेशनद्रारा गरेको देखिन्छ । यसरी बिभिन्न योजनाको निमार्ण गराएको कार्य गुणस्तरीय भए नभएको कार्यालयले अनुगमन समेत गरेको, प्रमाण अभिलेख राखेको देखिएन साथै उक्त कार्यको ल्याब परीक्षण गरेको देखिएन । यसरी एउटै प्रकृतीका कार्य फरक फरक लागत अनुमान तयारी गरी सोही अधारमा सोझै कोटेशन माग गरी कार्य गर्दा ०.२० प्रतिशत देखि १ .५ प्रतिशत सम्म मात्र घटेको देखिन्छ भने बोलपत्रको माग गरी कार्य गराउदा करिब १० देखि ३० प्रतिशत सम्म घटी प्रतिस्पधा भएको देखिन्छ। यसरी प्रतिश्पर्धा नगरी सोझै कोटेशनदारा पालिकाले खर्च लेखेको रकमलाई नियमसंगत हो भन्न सक्ने आधार देखिएन । अत कार्यालयले यस्ता कार्यमा नियन्त्रण गरी सार्वजनिक खरिद ऐन नियमावलीको प्रक्रिया पालना गर्नु पदर्छ । यस्ता केही उदाहरण निम्न प्रकार छन ।

| गो.भौ. न | योजनाको नाम | लागत अनुमान | भुक्तानी रकम | घटी प्रतिशत |
|---|---|---|---|---|
| १४७।२०८०।२।१८ | मौरीफाटा आशिषपुर सडक ग्राबेल | ९३३२५० | ९३०२२६।०० | ०।३२ |
| १४४।२०८०।२।१८ | वडा न ६ र ७ नाला निर्माण | ६८७५६७ | ६८६१२८।०० | ०।२० |
| १८६।२०८०।३।१० | खजुवा केरावारी बिचमा नदी तटबन्धन | ९७९८५५ | ९६४६१५।०० | १।५ |
| १६९।२०८०।३।२ | अधुरो कभर्ड हलको सेफ निर्माण | ६४९२४८ | ६४७४९०।०० | ०।१७ |
| २१५।२०८०।३।१७ | वडा न ११ सडक स्तरोन्नती | ९८१९०६ | ९७१७१६।०० | १।०३ |

४७.२ **सोझै खरिद**-सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ (१) मा तोकिएको सिमामा मात्रै मालसामान वा परामर्श सेवा वा अन्य सेवा वा निर्माण कार्य सोझै गराउन सक्ने व्यवस्था छ भने १(ख)मा एक आर्थिक वर्षमा एकै पटक वा पटक पटक गरी सिमाभन्दा बढी रकमको वा एउटै ब्यक्ती,फर्म,कम्पनी वा संस्थाबाट एक पटक भन्दा बढी सोझै खरिद गर्न सकिने छैन भन्ने व्यवस्था छ । यस पालिका कार्यालयले उपलब्ध गराएको विवरण अनुसार एउटै प्रकृतिको समान एक पटक भन्दा बढी पटक ट्का गरी र बिभिन्न पार्टीबाट पटक पटक खरिद गर्ने गरेको देखिन्छ । यसरी कानुनमा भएको व्यवस्था पालना नगरी एउटै प्रकृतिका समान पटक पटक र बिभिन्न पार्टीसंग पटक पटक खरिद गरेको नियमसंगत भन्न सकिएन । अतः पालिका कार्यालयले यस्तो कार्यमा नियन्त्रण गर्नुपर्दछ ।केही उदाहरण निम्न छन ।

| भौचर नं. | योजना तथा कार्यक्रमको नाम | पार्टीको नाम | रकम |
|---|---|---|---|
| २१५।२०८०।३।१७ | वडा न ११ सडक स्तरोन्नती | बिबेक बिल्ड्रस | ९७१७१६।०० |
| २३९।२०८०।३।१९ | वडाका बिभिन्न ठाउमा ग्राबेल | दिप कन्स्टकश्न | ६८४१४०।०० |
| २४१।२०८०।३।१९ | बैजनाथ मन्दरमा योग भवन निर्माण | वासुलिङ निर्माण सेवा | ९७७९७४।०० |

| | | | |
|---|---|---|---|
| २७५।२०८०।३।२१ | मेशिनरी तथा औजार खरिद | केदार इलेक्टीक्स | ८०३५००।०० |
| २६५।२०८०।३।२१ | फनिचर्स एण्ड फिक्चर्स खरिद | अलोक मल्टि कनसर्न | ८६६१५०।०० |
| २६४।२०८।३।२१ | फनिचर्स एण्ड फिक्चर्स खरिद | होम टाउन इन्टर प्राइजेज | ७१७४३७।०० |
| २७२।२०८।३।२१ | फनिचर्स एण्ड फिक्चर्स खरिद | बागेश्वरी स मिल फ. उ. | ६६९२९९।०० |
| २६४।२०८।३।२१ | फनिचर्स एण्ड फिक्चर्स खरिद | बिष्णु जानकी टेड्रस | २६८९२२।०० |
| २६३।२०८।३।२१ | फनिचर्स एण्ड फिक्चर्स खरिद | बेताल काष्ट फनिचर उधोग | २१९५३५।०० |

| | |
|---|---|
| अनियमित भएको | २७,४१,३४३ |

४७.३ **लागत अनुमान-** सार्वजनिक खरिद ऐनको दफा ५को १ मा सार्वजनिक निकायले कुनै पनि खरिदको लागि तोकिए बमोजिम लागत अनुमान तयार गर्नु पर्ने व्यवस्था छ । यस पालिकाले आर्थिक वर्ष २०७९।८०मा कार्यालयबाट खरिद गरी भुक्तानी गरिएका कोटेशनका कार्यको लागत अनुमान तयार नगरी सोझै कोटेशन माग गरी भुक्तानी गरेको देखिन्छ । यसरी लागत अनुमान तयार नगरी सोझै कोटेशन लिई खरिद गरिएको कार्य नियमसंगत हो भन्न सकिएन । अत कार्यालयले यस्ता कार्यमा नियन्त्रण गरी खरिद ऐनमा उल्लेख भएको व्यवस्था पालना गर्नुपर्दछ । केही उदाहरण निम्न छन ।

| भौचर नं. | समानको नाम | पार्टीको नाम | भुक्तानी रकम |
|---|---|---|---|
| २१।२०७९।८।२९ | सडक बत्ती जडान वडा न६। १० | | ३६६५१६।०० |
| ३०।२०७९।९।१८ | मेशिनरी तथा औजार खरिद | सिटी कम्पयुटर एण्ड इलेक्टिक सप | ५६२२४९।०० |
| ४४।२७९।१०।५ | फनिचर तथा फिक्चर्स | रोशनी किरण स मिल | २९४५९३।०० |
| १४८।२०८०।२।१८ | सडक बत्ती जडान वडा न६। १० | गोदावरी मल्टी प्रपोज कनसर्न | ४०९३१६।०० |
| २७५।२०८०।३।२१ | मेशिनरी तथा औजार खरिद | केदार इलेक्टिक्स एण्ड सप्लार्स | ८०३५००।०० |
| २६९।२०८०।३।२१ | बजारक्षेत्रमा सि सि क्यामारा जडान | आरम्भ टेड्रस | ९९३८२।०० |

४८ **सर्शत पुँजीगत**

४८.१ **विद्यालय भौतिक पूर्वाधार निर्माण-**

**...........** ***(प्रारम्भिक प्रतिवेदन प्रमाण पेश भएको आधारमा मिति २०८१।०१।२९ को निर्णयबाट रु.४५,००,००० सम्परीक्षण गरिएको ।)***

४८.२ **अनुदान व्यवस्थापन-** कार्यक्रम कार्यान्यिन पुस्तिका २०७९।८० मा भएको व्यवस्था अनुसार स्थानिय तहले अनुदान प्राप्त बिधालयले निर्धारित मापदण्ड र प्रक्रिया अनुरुप गरे नगरेको नियमित रुपमा अनुगमन गरी सो को एक प्रति प्रतिवेदन शिक्षा तथा मानवस्रोत केन्द्रमा पठाउने व्यवस्था छ । यस पालिकाले आ.व. २०७९।८० मा अनुदान दिएका निम्न विद्यालयमा कार्यक्रम वापत दिएका अनुदान रकम कार्यक्रम कायान्वयन भए, नभएको बारेमा अनुगमन गरेको पुष्टि गर्ने अनुगमन प्रतिवेदन देखिएन । अतः विद्यालयमा गएको अनुदान रकम प्रभावकारी रुपमा कायान्वयन भएको छ भनी बिश्वस्त हुने आधार देखिएन । पालिका कार्यालयले कार्यक्रम कार्यान्वयन पुस्तिकामा उल्लेख गरेको व्यवस्था बमोजिम अनुगमन गरी प्रतिवेदन पेश गर्नुपर्दछ ।

| सि.न. | विद्यालयको नाम | कार्यक्रमको नाम | रकम | कैफिएत |
|---|---|---|---|---|
| १ | कृष्ण मा बि | ICT lab स्थापना | ६५००००।०० | |
| २ | सिद्र भिम आ बि | ICT lab स्थापना | ६५००००।०० | |

प्रमाण पेश नगरेको

४८.३ **जनश्रमदान –**

✓ ........... *(प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति २०८१।०१।२४ को निर्णयबाट रु.८,९६,७४३ सम्परीक्षण गरिएको ।)*

४८.४ **वारिण्टी कार्ड नलिएको-** सार्वजनिक खरिद ऐन २०६३ को दफा ७ को ३ मा खरिद गरेका मालसमान वा सेवाको गुणस्तर परिक्षण गराउनु पर्ने बयवस्था छ । यस नगरपालिका कार्यालयले बैंकल्पिक उर्जा र नगरपालिकामा जडान गरिएक सोलरको भुक्तानी दिएकोमा उक्त कार्य गुणस्तर बमोजिम छ भनी गुणस्तर परिक्षण गरेको प्राबिधिक प्रतिवेदन पेश गरेको देखिएन र साथै उक्त कार्यका लागि खरिद गरेका समानको बिक्रेता आधिकारीक कम्पनीले निश्चित अवधिको लागि वारिण्टी कार्ड दिने गरेकोमा कार्यालयले कुन कम्पनीबाट खरिद गरेको हो सो एकिन भएन। अतः कार्यालयले उक्त समान खरिद गरेको कम्पनीबाट जारी गरेको वारिण्टी कार्ड लिएको प्रमाण पेश गर्नुपर्दछ ।

| सि न | योजनाको नाम | गो भौ न र मिति | रकम |
|---|---|---|---|
| १ | नबिकरणिय उर्जा प्रबिधि जडान | ३८।२०८०।३।१४ | ४,६०,०००।०० |

४९ **वडातर्फबाट विद्यालयलाई अनुदान (पालिका चालु)** - विद्यालय तथा शिक्षक व्यवस्थापन गर्नको लागि संघीय सरकारबाट सशर्त अनुदान, पालिकाले समानिकरण तथा अन्य कार्यक्रम राखि अनुदान उपलब्ध गराएकोमा पुनः वडा कार्यालयबाट पनि विद्यालयको शैक्षिक तथा भौतिक अनुदानका कार्यक्रम राखि अनुदान वितरण गरेको पाइयो । यस आर्थिक वर्षमा संघिय शसर्त अनुदानको रुपमा प्रति विद्यार्थी लागत आधारमा र पालिकाले एकमुष्ट प्रति विद्यार्थी अनुदानको रुपमा विद्यालय व्यवस्थापन अनुदान उपलब्ध गराएकोमा पुनः विद्यालय व्यवस्थापनका लागि वडातर्फका कार्यक्रममा वजेट विनियोजन गरि देहाय बमोजिम अनुदान उपलब्ध गराएको छ । यसरी एउटै प्रकारको अनुदानमा फरक फरक कार्यक्रम मार्फत् अनुदान उपलब्ध गराउँदा क्रियकलापमा दोहोरोपना हुने तथा पहुँचवाला विद्यालयले वढी सुविधा प्राप्त गर्ने तर अनुदान रकमको

सहि सदुपयोग हुन सक्ने देखिदैन् । वडा कार्यालयबाट बजेट विनियोजन गरि विद्यालयलाई उपलब्ध गराएको अनुदान रकम नियम सम्मत देखिएन।

| क्र.सं. | वडा नं. | विद्यालय | विवरण | रकम |
|---|---|---|---|---|
| १ | २ | वैजनाथ आ.वि. | स्तरउन्नतीका लागि | ६०००००। |
| २ | ४ | कालिका मा.वि. | शैक्षिक गुणस्तर सुधार | १०००००। |
| ३ | ४ | राष्ट्रिय मा.वि. | शैक्षिक गुणस्तर सुधार | १०००००। |
| ४ | ६ | वैजनाथ मा.वि. | शैक्षिक गुणस्तर र जनशक्ति व्यवस्थापन | ७०००००। |
| ५ | ८ | जनभावना आ.वि. | जनशक्ति व्यवस्थापन तथा पुर्वाधार विकास | ५०००००। |
| ६ | ८ | पञ्चकोटी मणिकाधाम आ.वि. | जनशक्ति व्यवस्थापन तथा पुर्वाधार विकास | ४०००००। |
| ७ | ८ | वैजनाथ आ.वि. | जनशक्ति व्यवस्थापन तथा पुर्वाधार विकास | ७०००००। |
| ८ | ८ | सिद्धनाथ मा.वि. वेलडाडी | शैक्षिक अनुदान | ७०००००। |
| ९ | १० | कृष्ण मा.वि. | शैक्षिक अनुदान | १८००००। |
| १० | ११ | दशरथ आ.वि. | शैक्षिक अनुदान | १०००००। |
| ११ | ११ | दिपनगर आ.वि. | शैक्षिक अनुदान | १०००००। |
| १२ | ११ | सरस्वती मा.वि. | शैक्षिक अनुदान | २०००००। |
| १३ | ११ | सिद्धभिम आ.वि. | शैक्षिक अनुदान | १०००००। |
| | जम्मा | | | ४४,८०,०००। |

## ५० बिबिध परीक्षण

५०.१ **खर्च पुष्टयाई गर्ने प्रमाण नभएको-** आर्थिक कार्यविधि तथा बित्तीय उत्तरदायीत्व नियमावली २०७७ को नियम ३९ को १० मा जिम्मेवार ब्यक्तिले सरकारी रकमको खर्च गर्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन बिल भरपाई र कागजात संलग्न भए नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन जाच गर्नु पर्ने व्यवस्था छ । पालिका कार्यालयले खर्च पुष्टयाई गर्ने कागजात तथा प्रमाण बेगर निम्न कार्यको लागि रकम भुक्तानी देखिन्छ । अतः कार्यालयले निम्न अनुसार प्रमाण पेश गर्नु पर्ने देखिएको रू

| भौचर न | कार्यको विवरण | रकम | शिर्षक | कैफिएत। |
|---|---|---|---|---|
| १३४।२०८०।२।१० | हयुम पाइप खरिद | ४४०८२३।०० | न पा | जडान प्रमाण नभएको थान २१ |
| १०१।२०८०।१।११ | हयुम पाइप खरिद | ७९३३५०।०० | | जडान प्रमाण नभएको थान ३८ |
| २५२।२०८०।३।२१ | हयुम पाइप खरिद | ४८९४४९।०० | | जडान प्रमाण नभएको थान २७ |
| १७१।२०८०।३।३ | बिधुत पोल खरिद | ३३७८२४।०० | | जडान प्रमाण नभएको थान ३७ |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १७,२३,६२२ |

५०.२ **कृषि अनुदान-** सुदरपश्चिम कृषि बिकास कार्यक्रम कार्यान्वयन कार्यविधि २०७६को नियम ७को अनुसुचि ५मा सिचाई सामाग्रीमा ८५ प्रतिशत अनुदान दिने व्यवस्था छ । यस नगरपालिका कार्यालयले स्यालो टयुबेल अनुदान कार्यक्रममा भौचर न ३०६।२०८०।३।२४बाट कार्यविधि अनुसार रू ८,७३,५४५।००को हुन आउने रू ७,४२,५१३।००भुक्तानी पर्नेमा सबै रकम भुक्तानी दिएको देखिन्छ । यसरी आफ्नो कार्यविधि नभएको र प्रदेश सरकारको कार्यविधि पनि पालना नगरी रु १,३१,०३१।०० बढी भुक्तानी दिएको रकम नियमसंगत नदेखिएको रू

| | |
|---|---|
| अनियमित भएको | १,३१,०३१ |

५०.३ **अबण्डा बजेट** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय—व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले यो वर्ष दुई शिर्षकमा रु ४ करोड अबण्डा राखेको छ । उक्त अबण्डा रकम कार्यपालिकाको निर्णयबाट चालु र पुजीगत शिर्षकमा रू २ करोड १९ लाख खर्च गरेको देखिन्छ ।अतः बजेट अबण्डामा राखी कार्यपालिकाको निर्णयबाट खर्च गर्ने प्रक्रियामा नियन्त्रण गर्नुपर्दछ ।

५१ **राजश्व संकलनकर्तालाई रकम भुक्तानी** (१६०५-२०८०-३-२३)- ठेक्का प्रक्रिया वेगर वडास्तरबाट सोझै करारमा कर्मचारी भर्ना गरी राजश्व संकलनको कार्य गराएको पाइयो । पालिकाले यस्ता संकलनकर्ताको पारिश्रमिक वापत १५ जना कर्मचारीलाई रू.२,२३,३९४। भुक्तानी गरेको छ । राजश्व जस्तो संवेदनशिल विषयमा राजश्व संकलन गर्ने स्पष्ट विधि पालिकाले तय नगरेको र वडा तहबाट आफ्नो स्व विवेकको आधारमा कर्मचारी भर्ना छनौट गरी मासिक ज्यालादरीको रुपमा पारिश्रमिक भुक्तानी नगरी राजश्व संकलनको दर अनुसार पारिश्रमिक भुक्तानी गर्ने कार्य मनासिव देखिदैन । सम्बन्धित संकलनकर्ता मार्फत मात्र कति रकम संकलन भयो सो सम्बन्धमा पालिकामा कुनै विवरण नरहेबाट करारमा कर्मचारी राखी राजश्व संकलन गर्ने कार्य प्रभावकारी भएको पुष्टि हुन सकेन । अतः सोझै करार मार्फत राजश्व संकलन गर्ने परिपाटिलाई निरुत्साहित गर्दै पालिकामा राजश्व संकलन गर्ने जनशक्ति अभाव रहेको अवस्थामा संगठन तथा व्यवस्थापन

सर्वेक्षणको आधारमा दरबन्दी स्वीकृत गरी कर्मचारी भर्ना गरी राजश्व संकलन गर्नुपर्दछ । भर्ना नभएसम्मको अवधिमा प्रतिस्पर्धात्मक तवरले ठेक्का प्रक्रिया अवलम्बन गरी करारमा कर्मचारी भर्ना गरी कार्य सम्पादन गराउनुपर्दछ ।

५२ **सामाजिक सुरक्षा भत्ता वितरण गर्दा यातायात र खाजा खर्च भुक्तानी -** पालिकाले सामाजिक सुरक्षा भत्ता वितरण कार्य वैंकिङ्ग प्रणालीबाट गर्ने गरेको छ । तर उक्त रकम सम्बन्धित लाभग्राहीको घर घरमा उपलब्ध गराउने उल्लेख गरी निम्नानुसार प्रथम र दोस्रो त्रैमासिकमा सामाजिक सुरक्षा भत्ता वितरणको लागि खटिएका पदाधिकारी र कर्मचारिलाई यातायात खर्च र खाजा खर्च बाफत वर्षभरि रू. ५,५९,०००। भुक्तानी भएको छ। यस्तो अनुत्पादक र अनावश्यक कार्यक्रममा खर्च गर्नु नियम सम्मत नदेखिएको रू.

| | |
|---|---|
| अनियमित भएको | ५,५९,००० |

५३ **स्वास्थ्य चौकी तथा आधारभूत स्वास्थ्य केन्द्रलाई अनुदान** - पालिकाले आ.व. २०७९।८० मा निम्न स्वास्थ्य संस्थालाई अनुदान वापत कुल १९,२०,०००। भुक्तानि गरेको पाईयो ।प्राप्त विवरण अनुसार आ.व.२०७९।८० मा आन्तरिक आय रू.२,७९,९७,१७१.५९ रहेकोमा स्वास्थ्य संस्था अनुदान मात्र ६.८५ प्रतिशत रहेको छ ।पालिकाले यसरी अनुदान वितरण गर्दा खर्चको आकार,आन्तरिक आम्दानी र राजश्वको क्षमतालाई विचार गरेर मात्र खर्च गर्नतर्फ विषेश ध्यान दिनुपर्दछ । साथै उक्त स्वास्थ्य चौकीलाई प्रदान गरेको अनुदानको खर्च सदुपयोग भए नभएको सो को लेखापरीक्षण,अनुगमन गरी प्रतिवेदन समेत प्राप्त हुनुपर्दछ ।

| क्र.सं. | वडा | स्वास्थ्य संस्था | रकम |
|---|---|---|---|
| १ | वडा नं. २ | आधारभुत स्वास्थ्य सेवा केन्द्र | १००००० |
| २ | वडा नं. ३ | आधारभुत स्वास्थ्य सेवा केन्द्र | ३५०००० |
| ३ | वडा नं. ४ | पिपलाडी स्वास्थ्य चौकी | १००००० |
| ४ | वडा नं. ५ | आधारभुत स्वास्थ्य सेवा केन्द्र | १००००० |
| ५ | वडा नं.६ | आधारभुत स्वास्थ्य सेवा केन्द्र | ३००००० |
| ६ | वडा नं.७ | आधारभुत स्वास्थ्य सेवा केन्द्र | १२०००० |
| ७ | वडा नं.८ | आधारभुत स्वास्थ्य सेवा केन्द्र | ४००००० |
| ८ | वडा नं.८ | शहरी स्वास्थ्य केन्द्र | ३००००० |
| ९ | वडा नं.११ | दिपनगर आधारभुत स्वास्थ्य केन्द्र | १५०००० |
| जम्मा | | | १९,२०,०००। |

५४ **फछ्र्यौट नभएको आन्तरिक लेखापरीणको व्यहोरा** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७७ अनुसार स्थानीय तहले कानुन बमोजिम आफ्नो आय र व्ययको आन्तरिक लेखापरीक्षण गराउनु पर्ने, आन्तरिक लेखापरीक्षकले औंल्याएका कैफियत सम्बन्धित अधिकारीले अन्तिम लेखापरीक्षण हुनुभन्दा अगाबै सम्परीक्षण गराउनु पर्ने व्यबस्था छ ।यस पालिकाको

आन्तरिक लेखापरीक्षणबाट कायम गरेका व्यहोरा अन्तिम लेखापरीक्षण गराउनु अगाबै सम्परीक्षण गराउनु पर्नेमा नगराएकोले यसै प्रतिवेदनमा निम्न अनुसार कायम गरीएको छ।

५४.१

| बजेट शीर्षक | गो.भौ.नं. र मिति | आलेपमा उल्लिखित व्यहोरा | रकम रु. |
|---|---|---|---|
| गाउँपालिका पूँजीगत | ११९/२०८०-०१-२१ | सिसि क्यामेरा खरिद गरी गडतोला सप्लायर्सलाई रु. २९९७५० भुक्तानी भएकोमा उक्त बिलबाट रु ३९७८.९८ अग्रिम आयकर कट्टी गरी भुक्तानी दिनु पर्नेमा रु. ३९७ मात्र कट्टी भएकोले कम कट्टी भएको अग्रीम आयकर | ३५८२ |
| जम्मा | | | ३५८२ |

५४.२

| बजेट शीर्षक | गो.भौ.नं. र मिति | आलेपमा उल्लिखित व्यहोरा | रकम रु |
|---|---|---|---|
| गाउँपालिका पूँजीगत | १२७/२०८०-०२-०३ | आधारभूत सेवा केन्द्र कालिगौडि वडा नं. १२ को खानेपानी व्यवस्थापन कार्यको लागि वडा सचिव श्री टिकाराम चौधरीलाई कार्यदिश दिई सो काम गरे बापत भएको भुक्तानी मध्ये रु. १४६१० को डोर हाजिरी फारम सम्बन्धितबाट स्वीकृत भएको नदेखिएको नियम सम्मत नदेखिएको रु. | १४६१० |
| जम्मा | | | १४६१० |

| | |
|---|---|
| अनियमित भएको | १४,६१० |

५५ **सामाजिक सुरक्षा भत्ता वितरण तर्फ** -सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि,२०७७ को परिच्छेद-५ मा सामाजिक सुरक्षा भत्ता वितरण बैङ्कमार्फत गर्नुपर्ने व्यवस्था छ।कार्यविधिको दफा २६ मा कुनै आर्थिक वर्षमा सामाजिक सुरक्षा कार्यक्रमका लागि निकासा भएको रकम सो आर्थिक वर्षमा खर्च नभए संघीय सञ्चित कोषमा फिर्ता गर्नुपर्ने व्यवस्था छ । यस पालिकाले एनएमबी बैंक र कुमारी बैङ्कमार्फत् सामाजिक सुरक्षा भत्ता वितरण गर्दै आएको देखिन्छ । यस आर्थिक वर्षमा पालिकाले एन आइसी एशिया बैङ्क मार्फत् सामाजिक सुरक्षा भत्ता वापत रु. १८,३२,७५,०२४।—वितरण गरिएको देखिन्छ । लेखापरीक्षणको क्रममा सामाजिक सुरक्षा भत्ता वितरणको सूचना लिंदा बैङ्कलाई निकासा भएको रु. १८,३६,१५,१३४।- मध्ये सुरक्षा भत्ता वितरण गरेर बाँकी रहेको रकम रु. ३,४०,११०।— र पुरानो मृत्यूदावी समेतको फिर्ता रु. ३,९७,६५८।- समेत गरी जम्मा रु. ७,३७,७६८।- सङ्घीय सञ्चित कोषमा दाखिला भएको देखिन्छ ।

५५.१ **निष्कृय खाताको विवरण-** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को बुँदा नं. २६ अनुसार सामाजिक सुरक्षा कार्यक्रमको लागि निकासा भएको रकम सोही आर्थिक वर्षमा खर्च नभएमा कार्यविधि अनुसार संघीय सञ्चित कोषमा फिर्ता गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस आर्थिक वर्षमा लाभग्राहीको संख्या अनुसार सामाजिक सुरक्षा भत्ता उल्लिखित बैंकहरु

मार्फत् भुक्तानी गरेको र बैंकबाट हालसम्म निष्क्रिय (डोरम्याट) खाताको विवरण पालिकाले उपलब्ध गराएको छैन । पालिकाले बैंकहरुबाट सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को अनुसूची-११ बमोजिम निष्क्रिय (डोरम्याट) खाताको विवरण प्राप्त गरी त्यस्ता लाभग्राहीका सम्बन्धमा छानविन गरी लाभग्राही भत्ता प्राप्त गर्न योग्य नभएको पाइएमा त्यस्ता लाभग्राहीको खातामा रहेको रकम फिर्ता गरी संघीय सञ्चित कोषमा दाखिला गर्नुपर्दछ ।

## अनुसूचीहरू

अनुसूची - १

### आर्थिक कारोबारको स्थिति

आर्थिक वर्षः २०७९।८०

कार्यालय र स्थान : शुक्लाफाँटा नगरपालिका, कंचनपुर ।

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | टिकेन्द्रराज भट्ट | २०७८-८-८ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | लोक राज जोशी | २०७९-११-१२ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | माधव राज जोशी | २०७९-४-१ | २०७९-११-११ |

बेरुजु वर्गीकरणः

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| ७,४६०,३३७ | ३,६२१,४८८ | ८,०७६,०६५ | ० | ० | ० |
| | | | | **प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.** | १९,१५७,८९० |
| | | | | **प्रारम्भिक प्रतिवेदन उपर फछ्यौंट गरी संपरीक्षण भएको रकम रु.** | ५,८०५,३९५ |
| | | | | **संपरीक्षणबाट थप भएको बेरुजू रु.** | ० |
| | | | | **लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.** | १३,३५२,४९५ |

स्थानीय तह : :शुक्लाफाँटा नगरपालिका

| **गत वर्षको जिम्मेवारी** | | १०३३२८१८५.०९ | |
|---|---|---|---|
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | ४१०६८९०१२ | **चालु खर्च** | ४३४१६६३७०.०४ |
| **प्रदेश सरकारबाट अनुदान** | १६७००९२३ | **पूँजीगत खर्च** | १६३२९१०१९.३ |
| **राजश्व बाँडफाँट** | ९७४१७८८४ | **वित्तीय/अन्य व्यवस्था** | १९४६६४१८६ |
| **आन्तरिक आय** | २७९९७१७१.८९ | | |
| **अन्य आय** | २२९३६८१७३.९२ | | |
| **कुल आय** | ७८२१७३१६४.८१ | **कुल खर्च** | ७९२१२१५७५.३४ |
| **बाँकी मौज्दात** | | ९३३७९७७४.५६ | |